‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४३ ★ ने. सं. ११४६ जला थ्व, द्वादशी ★ बुधबार ★ ७ असोज, २०८३ ★ September 23, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## चिकपाद्वारा पार्टी स्वशासनलाई दृढताका साथ सुदृढ गर्न रणनीतिक योजनाहरू तयार




पेइचिङ ६ असोज (सिन्ह्वा)। चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) केन्द्रीय समितिका महासचिव सी चिन फिङले सोमबार चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरोको बैठकको अध्यक्षता गर्नुभयो। उक्त बैठकले दृढताका साथ पूर्ण र कठोर पार्टी स्वशासनलाई सुदृढ गर्ने प्रमुख मुद्दाहरूको अध्ययन गर्‍यो र आगामी अक्टोबरमा पार्टीको महाधिवेशनको मिति तय गर्‍यो।

बैठकले चिनियाँ कम्युनिस्ट पार्टीको २० औं केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक अक्टोबर २६ देखि २९ तारिख पेइचिङमा आयोजना गर्ने निर्णय गरेको छ।

बैठकले पूर्ण र कठोर पार्टी स्वशासनलाई दृढताका साथ सुदृढ गर्ने सम्बन्धमा चिकपा केन्द्रीय समितिको निर्णयको दस्तावेजलाई छलफलको लागि पूर्ण बैठकमा पेस गर्ने निर्णय पनि गरेको छ।

निर्णयको पहिलेको मस्यौदा परामर्श लिइएकाहरूबाट व्यापक समर्थन प्राप्त गर्दै पार्टीका सदस्य र गैर-पार्टी व्यक्तित्वहरूबिच टिप्पणीको लागि परिचालित गरिएको थियो।

बैठकले नयाँ युगमा पूर्ण र कठोर पार्टी स्वशासनलाई अगाडि बढाउन उपलब्धि र अनुभवको वस्तुनिष्ठ मूल्याङ्कन गर्ने, वर्तमान र आगामी अवधिमा पार्टी निर्माणका लागि सामना गर्नुपर्ने अवस्था र कार्यहरूको गहिरो विश्लेषण गर्ने र पूर्ण र दृढताका साथ पार्टीलाई निरन्तर अगाडि बढाउन रणनीतिक योजनाहरू तयार गर्ने उल्लेख गरेको छ।

बैठकले दृढताका साथ पूर्ण र कठोर पार्टी स्वशासनलाई सुदृढ गर्न पार्टीको समग्र नेतृत्व र चिकपा केन्द्रीय समितिको केन्द्रीकृत, एकीकृत नेतृत्वलाई कायम राख्न, डगमगाइकन कठोर दृष्टिकोण कायम राख्न र पूर्ण र कठोर स्वशासनको अभ्यासका लागि प्रणालीमा सुधार गर्नुपर्नेमा जोड दिएको छ।

पार्टी समयको अग्रपङ्क्तिमा रहने, जनताको पूर्ण समर्थन प्राप्त गर्ने, सबै किसिमको परीक्षाको सामना गर्ने र चिनियाँ विशेषतासहितको समाजवाद निर्माणमा बलियो नेतृत्वको केन्द्रको रूपमा काम गर्ने एउटा जीवन्त मार्क्सवादी शासक पार्टीको रूपमा रहने सुनिश्चित गर्न प्रयास गर्नुपर्छ, बैठकले जोड दियो।

बैठकले पूर्ण र कठोर पार्टी स्वशासनलाई अडिग रूपमा अगाडि बढाउन, उच्च मापदण्ड अपनाउने र पार्टी निर्माणका प्रमुख समस्याहरूलाई सम्बोधन गर्न थप ठोस उपायहरू अवलम्बन गर्ने महत्त्व र अत्यावश्यकतालाई पूर्ण रूपमा स्वीकार गर्न आह्वान गरेको छ।

बैठकमा अन्य विषयमा पनि छलफल भएको थियो।

## ल्याटिन अमेरिका र क्यारिबियाली देशहरू अमेरिकी सरकारको आक्रमणको लक्ष्यमा



संयुक्त राष्ट्र सङ्घ, ६ असोज (ग्रान्मा)। “ल्याटिन अमेरिकी र क्यारिबियाली देशहरू संरा अमेरिकी सरकारको पुरातन मोनरो डक्ट्रिन, नयाँ र संदिग्ध ‘कोरोलरी’ सिद्धान्तअन्तर्गत आक्रामक गतिविधिद्वारा लक्षित गरिएका छन्,” क्युवाली कम्युनिस्ट पार्टी राजनीतिक ब्युरोका सदस्य र क्युवाली विदेश मामिलामन्त्री ब्रुनो रोड्रिग्वेज परिलाले सोमबार भन्नुभयो।

संयुक्त राष्ट्र सङ्घीय महासभाको बैठकको साइडलाइनमा ल्याटिन अमेरिकी र क्यारिबियाली राष्ट्र समुदाय–सेलाकको बैठकमा बोल्दै विदेशमन्त्री पेरिल्लाले लागूऔषध तस्करी वा अस्तित्वमा नभएको लागूपदार्थ–आतङ्कवादविरुद्ध लड्ने बहानामा सैनिकीकरणलाई प्रभुत्वको साधनको रूपमा प्रयोग गरिएको छ। हाम्रो क्षेत्रका धेरै देशहरूको अर्थतन्त्रमा दण्डात्मक शुल्कहरू लगाइएको छ भन्नुभयो। “हामीलाई ‘सहयोगी र प्रतिद्वन्द्वीहरू’ मा विभाजित गर्न खोज्ने षड्यन्त्रकारी चालहरू प्रवर्द्धन भइरहेका छन् र त्यहाँ कमजोर संयन्त्र र संयन्त्रको प्रयासहरू भइरहेका छन्।” उहाँले भन्नुभयो।

बाँकी पृष्ठ ८ मा

## संरा अमेरिका विश्व असुरक्षाको प्रमुख कारण

काठमाडौँ, ६ असोज। विश्वका मुलुकहरू अहिले पनि असुरक्षित छन्। विश्व असुरक्षित र आतङ्कित हुनुको प्रमुख कारण संयुक्त राज्य अमेरिका हो। अमेरिकाले विश्वका विभिन्न स्वाधीन र सार्वभौम देशहरूमा आक्रमण गरेको छ; आर्थिक नाकाबन्दी गरेको छ; देशका राष्ट्र प्रमुखहरूको हत्या गर्ने र गराउने, पक्राउ गर्ने र थुन्ने काम गरेको छ। अरु स्वाधीन देशलाई आफ्नो अधीनमा राख्ने र अधीनमा नबस्ने देशमा आक्रमण गर्ने अमेरिकाकै कारण विश्व त्रसित छ। विश्वभर शान्तिको सन्देश छर्नुपर्ने बेला आक्रमण गरेर शान्ति बिथोल्ने साम्राज्यवादी देशहरू रहेसम्म विश्वले शान्ति पाउने छैन। एकातिर विश्वमा शान्ति दिवस मनाइयो भने अर्कोतिर विश्वमा शान्ति बिथोलेर आतङ्क मचाइँदै छ। विश्वमा आतङ्क मचाउने काममा अमेरिका संलग्न छ।

विश्वमा शान्ति सुरक्षाको आवश्यकता छ। विश्वमा शक्तिशाली देशहरूले शान्ति सुरक्षाको निम्ति काम गर्नुपर्ने हो। शान्ति, प्रजातन्त्र र मानव अधिकारको नाउँमा विश्वमा शान्ति भङ्ग गर्ने देश र देशका शासकहरूदेखि सचेत हुनुपर्छ। विश्वमा शान्तिको सन्देश छर्ने हो भने आर्थिक नाकाबन्दी रोक्नुपर्छ; आक्रमण रोक्नुपर्छ, विकासमा एकले अर्कोलाई साथ र सहयोग गर्नुपर्छ। अहिले त अमेरिकाले कहिले कुन देशमा आक्रमण गर्छ भन्ने थाहा हुँदैन। इजरायल-इरान आक्रमणबाट कायल भएपछि अमेरिकाले युद्धविराम गर्‍यो। युद्धविराम भएको मसी सुक्न नपाउँदै अमेरिकाले फेरि युद्ध छेड्यो। यो अमेरिकाले इरान र आफ्नै देशका जनतालाई मात्र होइन विश्वका न्यायप्रेमी र देशभक्त जनतालाई विश्वासघात गरेको हो। संसारका जनताको आँखामा धुलो छ्यापेर विश्वासघात गर्ने अमेरिकाले संसारमा आतङ्क फैलाउने, युद्ध गर्ने र गराएर हतियार बेची नाफा कुम्ल्याउने र पेट्रोलियम पदार्थ कब्जा गरिरहेको छ। अमेरिकाले शक्तिको अहङ्कार देखाइरहेको छ; शक्तिशाली देश भन्दै अरु देशलाई तर्साइरहेको छ।

अमेरिका अरु देशलाई लडाउने, जुधाउने अरु देशको विकासमा बाधा पुर्‍याउने मात्र होइन विकासका पूर्वाधारहरू नै ध्वस्त पारेर कमजोर पार्ने लक्ष्यसहित लागिरहेको अनुभव विश्वका जनताले गरिरहेका छन्।

बाँकी पृष्ठ ८ मा

## देशको अवस्थाबारे उठेका प्रश्न

- राස्वपा सरकार आउनुअघि नेपाल वायु सेवा निगमको घाटा ५० अर्ब बढी भएको बाहिरिएको थियो। यतिबेला निगमको दुईवटै वाइडबडी जहाज थन्किँदा ९० करोड नोक्सान भएको सार्वजनिक भयो। सरकारहरू नेपाली युवालाई देशभित्र रोजगारी नदिई विदेशी विमान सेवामा राखेर वैदेशिक रोजगारीमा आवतजावत गराउने र आफ्नो विमान चलाउन नसक्ने किन ?
- स्थानीय तहका प्रतिनिधिहरूको चुनाव आगामी फागुनमा गर्नुपर्ने कानुनी व्यवस्था भएअनुसार निर्वाचन आयोग तयार रहेको सार्वजनिक भयो। आयोगले प्रदेश सभाको निर्वाचनसमेत मङ्सिरसम्म नकुरेर फागुनमा गरिए देशको चार अर्ब जोगिने पनि बतायो। प्रजातन्त्रको जगको रूपमा रहेको स्थानीय तहमा अब कस्ता प्रतिनिधि पुग्ने होला ?

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १२४

सिंहदरबार, सङ्घीय संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवनजस्ता महत्त्वपूर्ण संरचना जलाउनमा विशेष प्रज्वलनशील पदार्थको प्रयोग गरिएको थियो। केही विशेष प्रकारका कागजात भएका ठाउँमा लक्षित गरेर आगो लगाइएको थियो। खासगरी आयोगको स्थलगत भ्रमणका क्रममा प्रायः सबै ठाउँमा आक्रमणको कार्यशैली एकै प्रकारको देखिन्छ। कुनै कार्यालय/घरमा आक्रमण गर्दा सबभन्दा पहिला सीसीटीभी ध्वस्त गर्ने, पानीको ट्याङ्की खाली गरी भत्काउने, सरकारी कार्यालयहरूमा रहेको डेटा सेन्टर भत्काउने र कम्प्युटर कक्षमा आक्रमण गर्ने, तत्पश्चात् कागजातहरू जलाउने, लुटपाट गर्ने, अन्त्यमा ती भवनहरूमा ग्यास सिलिण्डरमा आगजनी गरी भवनभित्र फाल्ने सो उपलब्ध नभएमा बोतलमा पेट्रोल हाली घरभित्र फ्याकी आगो लगाउने गरेको पाइन्छ।

सिंहदरबार परिसरभित्र विभिन्न मन्त्रालहरूमा रहेका फायर एक्सटिङ्गुइसर खोलेर त्यसमा भएको केमिकल फाल्ने गरेको देखियो। कम्पाउन्डभित्र पार्किङ एरियामा राखिएका सवारी साधनहरूमा आगो लगाउने प्रक्रिया सबै स्थानहरूमा एउटै प्रकारको देखिन्छ। तर सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवन शीतल निवास, व्यापारिक गोदाम घरहरू, भाटभटेनी स्टोरहरू, कान्तिपुर पब्लिकेसन, हिल्टन होटल, हायातलगायतका होटलजस्ता ठाउँहरूमा भने रसायन, पेट्रोल बम (Molotov Cocktail) लगायत अति प्रज्वलनशील पदार्थ प्रयोग गरेको पाइन्छ। केही आवास घर र भाटभटेनीमा आगजनी गरी लुटपाट गर्न खोज्दा केही लुटेराहरू निस्किन नसकी जलेर मृत्यु भएको पनि देखिन्छ ।

बाँकी पृष्ठ ८ मा

व्यङ्ग्यचित्रको कुनो





**धान काट्दै किसान**

काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-१२ खोपासीस्थित खेतमा धान काट्दै किसान । अहिले काटेको धानबाट दशैँका लागि चिउरा बनाउने कृषक बताउँछन् ।

*तस्बिर: राजकुमार पराजुली/रासस*

# नेतृत्व कुर्सी होइन, काम हो

बनेपा, ६ असोज । काभ्रेपलाञ्चोक जिल्ला भलिबल सङ्घको पाँचौँ साधारणसभाको उद्घाटन नेपाल भलिबल सङ्घका उपाध्यक्ष एवं काभ्रे रेफ्री कमिसन सदस्य फिव (FIVB) अन्तर्राष्ट्रिय रेफ्री गौतमप्रसाद लासिवाले बनेपाको लिटिल फन पार्कमा गर्नुभयो ।



सभामा केन्द्रीय उपाध्यक्ष लासिवाले साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दै नेतृत्व भनेको कुर्सी नभई काम हो भन्नुभयो ।

उहाँले पदमा पुग्न जुनसुकै सम्झौता गर्ने र नामको लागि मात्र पदमा बस्नु सम्पूर्ण खेलाडी र खेलप्रेमीहरूप्रति विश्वासघात हुने बताउनुभयो ।

खेलकुदमा हुने पक्षपात र बेइमानीलाई बढावा दिने कार्य गर्ने पदाधिकारीहरूलाई कुनै पनि बेला कारबाही हुन सक्ने बताउँदै उहाँले नेपालको राष्ट्रिय खेल भलिबलको विकासको लागि विद्यालय स्तरबाट प्रशिक्षण सुरु गर्नुपर्ने र उमेर समूहअनुसारको प्रतियोगिता आयोजना गर्नुपर्ने बताउनुभयो । २०७४ जेठ ८ गते राष्ट्रिय खेल घोषणा भएको भलिबल खेलको पूर्वाधार विकासमा सरकारको ध्यान नपुगेको बताउँदै उहाँले जिल्लादेखि प्रदेश र केन्द्रमा समेत कभर्ड हलको निर्माण हुन सके भलिबल खेलले विश्वमा गौरव हासिल गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा नेपाल भलिबल सङ्घका सचिव सुनकेसरी मालीले साधारणसभामा मात्र सक्रिय हुने पदाधिकारीहरूलाई सबैले निगरानी गर्नुपर्ने र सबल र असल नेतृत्व चयनको लागि शुभकामना व्यक्त गर्नुभयो ।

काभ्रे जिल्ला भलिबल सङ्घका अध्यक्ष विक्रम प्रजापतिको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वाग्मती प्रदेश भलिबल सङ्घका अध्यक्ष माधव के.सी., काभ्रे जिल्ला भलिबल सङ्घका सदस्य विजयकृष्ण बादे, प्रमोद तिमिल्सिनाले क्रमशः शुभकामना, धन्यवाद र बधाई मन्तव्य दिनुभएको थियो ।

साधारणसभाको बन्द सत्रबाट विक्रम प्रजापतिको अध्यक्षतामा ११ सदस्यीय काभ्रेपलाञ्चोक जिल्ला भलिबल सङ्घको नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरियो ।

# प्रज्ञाको पुस्तक प्रदर्शनी यही असोज ९ गतेदेखि

काठमाडौँ, ६ असोज । नेपाल प्रज्ञा प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा ज्ञान-विज्ञानसम्बन्धी पुस्तक प्रवर्द्धनका लागि बृहत् प्रदर्शनी गर्ने भएको छ ।

पठन संस्कृतिको विकास तथा पाठक र प्रकाशकबीचको सम्बन्धलाई थप सुदृढ गर्ने उद्देश्यले यही असोज ९ गतेदेखि १८ गतेसम्म कमलादीस्थित प्रतिष्ठान परिसरमा बृहत् पुस्तक प्रदर्शनी-२०८३ आयोजना गर्न लागिएको प्राज्ञ परिषद् सदस्य नवीन अभिलाषीले जानकारी दिनुभयो । प्रदर्शनीमा ४० प्रतिशतसम्म सहुलियतमा पुस्तक बिक्री गरिने प्रतिष्ठानले जनाएको छ ।

प्रदर्शनीमा सरकारी तथा संस्थागत प्रकाशनका अतिरिक्त निजी प्रकाशन गृह, पुस्तक वितरक तथा सम्बन्धित संस्थाहरूलाई समेत कक्ष राखी आफ्ना प्रकाशन तथा पुस्तक प्रदर्शनी तथा बिक्री-वितरण गर्ने अवसर प्रदान गरिने जानकारी दिइयो ।

उक्त प्रदर्शनीमा सहभागी हुन चाहने इच्छुक प्रकाशन गृह तथा संस्थाहरूलाई सहभागिताका लागि प्रतिष्ठानले आह्वान गरेको छ । सहभागिताका लागि इच्छुक प्रकाशन गृह/संस्थाहरूले असोज ७ गतेसम्म आवेदन दिन सक्ने जनाइएको छ ।

इच्छुक प्रकाशन गृह/संस्थाले आफ्नो नाम, ठेगाना, सम्पर्क व्यक्ति, सम्पर्क नम्बर तथा इमेल ठेगाना खुल्ने गरी निवेदन पेस गर्नुपर्नेछ । प्रतिष्ठानका अनुसार, प्रदर्शनी कक्षमा नेपाली भाषा, साहित्य, कला, संस्कृति, इतिहास, दर्शन, समाजशास्त्र, बालसाहित्य, लोकसाहित्य तथा अन्य ज्ञानमूलक एवं सिर्जनात्मक विधाका पुस्तक प्राथमिकताका साथ राख्न सकिने छ ।

प्रत्येक सहभागी प्रकाशन गृह/संस्थालाई आयोजकले निर्धारण गरेको मापदण्ड तथा उपलब्धताका आधारमा प्रतिष्ठानले निःशुल्क कक्ष उपलब्ध गराउनेछ । रासस

# पाँच वर्षमा १३ प्रतिशत काम, अझै अलपत्र क्व्होलासोथारको अस्पताल

लमजुङ, ६ असोज । क्व्होलासोथार गाउँपालिका-९ गिलुङमा १५ शय्याको आधारभूत अस्पताल निर्माणका लागि सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि १३ दशमलव ३७ प्रतिशत काम भएको छ ।

दुई वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी विसं २०७८ साउन १९ गते निर्माण सम्झौता भएको थियो । अस्पताल निर्माणको काम विसं २०८१ असारदेखि रोकिएको छ । काम रोकिए पनि पटकपटक थपिँदै आएको छ ।

पछिल्लोपटक गत भदौमा तीन महिनाका लागि म्याद थप गरिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवप्रसाद वाग्लेका अनुसार निर्माण व्यवसायीले काम गर्ने भन्दै पटकपटक म्याद थप्दै गए पनि अपेक्षित रूपमा प्रगति हुन सकेको छैन ।

अस्पताल निर्माणको काम क्रमशः रोकिँदै आएको उहाँले बताउनुभयो । निर्माण व्यवसायीलाई काम अघि बढाउन पटकपटक ध्यानाकर्षण गराए पनि अपेक्षित प्रगति हुन नसकेको उहाँको भनाइ छ । हालसम्म करिब रु. एक करोड ८३ लाख बराबरको काम भएको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिकाका सव इन्जिनियर प्रकाश शेरचनका अनुसार अस्पताल भवनको भुइँतला ढलानको काम भएको छ । त्यसपछि निर्माण रोकिएको उहाँले बताउनुभयो । उहाँका अनुसार निर्माण सम्झौताको दुई वर्षसम्म पनि कामले अपेक्षित गति लिन सकेको थिएन । उक्त अवधिमा करिब पाँच-छ प्रतिशत मात्रै काम भएको थियो ।

सुरुमा जग खन्ने तथा जमिन सम्याउनेलगायतका काम भएको उहाँले बताउनुभयो । पटकपटक म्याद थप्दा पनि काम अघि नबढेपछि निर्माण व्यवसायीमाथि कारबाहीको प्रक्रिया अघि बढाउने विषयमा छलफल भइरहेको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङले निर्माण व्यवसायीले काममा ढिलाइ गर्दा अस्पताल निर्माणमा अपेक्षित प्रगति हुन नसकेको बताउनुभयो ।

पछिल्लो पटक तीन महिनाका लागि म्याद थपिएकाले सो अवधिमा काम अघि बढ्ने अपेक्षा गरिएको उहाँको भनाइ छ । "अब थपिएको समयमा पनि निर्माण प्रक्रिया अगाडि बढेन भने ठेक्का तोड्ने वा कानुनी कारबाही के गर्ने भन्नेबारेमा गाउँपालिकाले आवश्यक कदम चाल्छ", उहाँले भन्नुभयो ।

अस्पताल निर्माणका लागि गाउँपालिकाले करिब रु. २० करोड लागत अनुमान गरेको थियो । निर्माण सम्झौता भने रु. १३ करोड ३० लाखमा भएको हो ।

सरकारको 'एक स्थानीय तह, एक आधारभूत अस्पताल' कार्यक्रमअन्तर्गत निर्माण गर्न लागिएको अस्पताल विसं २०७७ मङ्सिर १५ गते शिलान्यास गरिएको थियो ।

अस्पताल निर्माण सम्पन्न भएपछि क्व्होलासोथार गाउँपालिकाका स्थानीयवासीलाई आधारभूत स्वास्थ्य सेवा सहज हुने अपेक्षा गरिएको छ ।

# भनपा-८ मा डिजिटल मार्केटिङसम्बन्धी तालिम सुरु



भक्तपुर, ६ असोज । भक्तपुर नगरपालिका वडा नं. ८ को आयोजनामा डिजिटल मार्केटिङसम्बन्धी तालिम भनपा वडा नं. ८ मा सुरु भएको छ ।

डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै व्यवसाय तथा उद्यमलाई डिजिटल माध्यमबाट प्रवर्द्धन गर्न आवश्यक ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो ।

कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशीले डिजिटल युगमा सूचना प्रविधि क्षेत्रलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने बताउनुभयो ।

डिजिटलाइजेसनसँगै पछिल्लो समय एआईको प्रयोग तीव्र रूपमा बढिरहेको उल्लेख गर्दै उहाँले प्रविधिको सही र सुरक्षित तरिकाले प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा लक्ष्मीनारायण दुवालले नयाँ प्रविधि, ज्ञान र सीपलाई व्यवहारमा प्रयोग गर्दै त्यसबाट आफ्नो व्यवसाय तथा कामलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति केपी कोजुले डिजिटल माध्यमको प्रयोगसँगै सही निर्देशन (प्रम्प्ट) तयार गर्ने सीपले एआईबाट प्रभावकारी परिणाम लिन सहयोग पुग्ने बताउनुभयो

उहाँले डिजिटल प्रविधिको प्रयोगलाई व्यवहारिक कामसँग जोडेर अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

तालिमका प्रशिक्षक अनिल पाउँले सहभागीलाई कन्टेन्ट मार्केटिङ, कन्टेन्ट निर्माण, SEO, आधारभूत भिडियो एडिटिङ, सेल्स एन्ड मार्केटिङ तथा सामाजिक सञ्जालको प्रभावकारी प्रयोगलगायतका विषयमा प्रशिक्षण दिने बताउनुभयो ।

तालिममा सहभागीहरूले मोबाइल तथा डिजिटल प्लेटफर्मको प्रयोग गरी व्यवसायको अनलाइन उपस्थितिलाई कसरी बलियो बनाउने, ग्राहकसम्म कसरी पुग्ने र डिजिटल माध्यमबाट व्यवसाय प्रवर्द्धन कसरी गर्ने भन्ने विषयमा व्यावहारिक ज्ञान हासिल गरेको आयोजकले जनाएको छ ।

# त्रिपुरेश्वरमा आत्मदाहको प्रयास गरेका अर्जुन दोङको मृत्यु भएपछि आफन्तद्वारा न्याय र कारबाहीको माग

काठमाडौँ, ६ असोज । त्रिपुरेश्वरमा हिजो आत्मदाहको प्रयास गरेका मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ निवासी चालक अर्जुन दोङको उपचारका क्रममा निधन भएपछि मृतकका परिवार तथा समर्थकहरूले कीर्तिपुरस्थित बर्न अस्पताल परिसरमा प्रदर्शन गरेका छन् ।

अस्पताल स्रोतका अनुसार दोङको उपचारका क्रममा हिजो नै मृत्यु भएको थियो । घटनापछि क्रुद्ध बनेका आफन्त र समर्थकहरूले अस्पताल बाहिर भेला भई नाराबाजी गर्दै निष्पक्ष छानबिनको माग गरेका छन् ।

प्रदर्शनकारीहरूले घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति दिन र न्यायको पूर्ण प्रत्याभूति गराउन सरकारसँग माग गरेका छन् । स्थिति नियन्त्रणमा राख्न अस्पताल वरपर बाक्लो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ ।

# टेलिकमद्वारा भदौमा १३ स्थानमा नयाँ टेलिफोन टावर जडान

काठमाडौँ, ६ असोज । नेपाल टेलिकमले गत भदौ महिनामा देशका विभिन्न स्थानमा नयाँ टूजी/फोरजी मोबाइल साइट सञ्चालनमा ल्याएको छ । टेलिकमले सेवा विस्तार तथा गुणस्तर सुधार गर्ने उद्देश्यले विभिन्न ११ जिल्लाका १३ स्थानमा नयाँ मोबाइल साइट सञ्चालनमा ल्याएको प्रवक्ता डा. कमल लामिछानेले जानकारी दिनुभयो ।

टेलिकमका अनुसार बागमती प्रदेशअन्तर्गत ललितपुरको ललितपुर महानगरपालिका-३ कार्यालय र च्याउन्डाँडामा नयाँ साइट सञ्चालन गरिएको छ । यस्तै चितवनको मोहनपुर तथा गण्डकी प्रदेशअन्तर्गत नवलपुरको पोखरीडाँडा र लमजुङको मध्यनेपालमा पनि नयाँ मोबाइल साइट सञ्चालनमा आएका छन् ।

लुम्बिनी प्रदेशअन्तर्गत कपिलवस्तुको धर्मपानी तथा पाल्पाको रामपुर र होङ्सीमा नयाँ साइट सञ्चालन गरिएको छ । यसैगरी कर्णाली प्रदेशअन्तर्गत जुम्लाको कनकासुन्दरी र सुर्खेत-जुम्लारोडमा मोबाइल साइट सञ्चालनमा ल्याइएको छ । सुदूरपश्चिम प्रदेशअन्तर्गत बाजुराको बडिमालिका, डडेल्धुराको गाङ्घेत र दार्चुलाको रिठाचौपाटामा पनि नयाँ मोबाइल साइट सञ्चालनमा आएका छन् ।

नयाँ साइट सञ्चालनसँगै ती क्षेत्रमा मोबाइल तथा डेटा सेवाको पहुँच विस्तार हुनुका साथै सेवा गुणस्तरमा सुधार आउने टेलिकमले जनाएको छ । दूरसञ्चार सेवाको पहुँच नपुगेका तथा सेवा विस्तार आवश्यक रहेका स्थानमा क्रमशः नयाँ साइट थप गर्दै जाने टेलिकमको योजना छ ।

# सर्लाही र सिन्धुली जोड्ने सडक पहिरोका कारण अवरुद्ध

सर्लाही, ६ असोज । सर्लाहीको बागमती र सिन्धुलीको हरिहरपुरगढी जोड्ने सडक पहिरोका कारण अवरुद्ध भएको छ । गत शनिबार वर्षासँगै गएको पहिरोबाट बागमती नगरपालिका–११ का विभिन्न तीन स्थानमा सडक पुरिएको हरिहरपुरगढी गाउँपालिका–६ का वडाध्यक्ष एकबहादुर मोक्तानले बताउनुभयो ।

पहिरोले सडकमा क्षति पुर्‍याएसँगै त्यस खण्ड भएर चल्ने यातायातका साधन ठप्प भएको छ । सडक बन्द भएपछि बिरामीलाई अस्पतालसम्म लैजानसमेत समस्या उत्पन्न भएको छ । अन्तर प्रदेशस्तरीय उक्त सडकले पूर्वपश्चिम लोकमार्ग र मदन भण्डारी लोकमार्गलाई जोड्छ । कमैया–पिपलमाडी १६ किलोमिटर क्षेत्रमा सडक अवरुद्ध भएपछि यात्री पैदल नै हिँड्न बाध्य भएका छन् ।

सडक अवरुद्ध भएपछि हरिहरपुरगढी गाउँपालिका क्षेत्रका विभिन्न एक दर्जन गाउँका सर्वसाधारण दैनिक उपभोग्य वस्तु किनमेल गर्न, औषधि उपचार र अन्य प्रयोजनका लागि टाढा धाएर हेटौँडा वा सिन्धुली जान बाध्य छन् ।

यातायात सेवा अवरुद्ध भएपछि स्थानीय पैदल हिँडेर आउजाउ गर्न र दाल, चामललगायत खाद्य थाप्लोमा बोक्न बाध्य भएको स्थानीयको गुनासो छ । बागमती र मधेस प्रदेश जोड्ने 'लिङ्क रोड' को रुपमा रहेको कमैया–पिपलमाडी सडकखण्डमा चुरेको जोखिम पूर्ण डेढ किलोमिटर सडक सर्लाहीतर्फ रहेको छ ।

# हिमपातका कारण मनास्लु आरोहण नगरी फर्किए केही आरोही

गोरखा, ६ असोज । भारी हिमपात र निरन्तर वर्षाका कारण हिमाल आरोहणका लागि मनसुन प्रतिकूल भएपछि आरोहीबीच बाटोबाटै धमाधम घर फर्किन थालेको पाइएको छ ।

दुईसातासम्म पर्खिँदा पनि मौसमले साथ नदिएपछि आरोही धमाधम घर फर्किन थालेका मनास्लु हिमाल नजिक रहेको चुमनुब्री गाउँपालिका–१ सामागाउँका वडाध्यक्ष कर्मा छेवाङ लामाले जानकारी दिनुभयो ।

मनास्लु क्षेत्रमा भइरहेको निरन्तर वर्षापछि त्यस वरपर पाँच फिट बाक्लो हिमपात भइरहेको उहाँले जानकारी दिनुभयो । "यस्तो त कहिल्यै भएको थिएन । खै के भएको हो, पानी र हिउँ परिरहेको छ", वडाअध्यक्ष लामा भन्नुहुन्छ, "झन आठ गतेदेखि १२ गतेसम्म सरकारले सतर्क रहन भनेको छ । त्यही भएर आरोही धमाधम फर्किएका छन् ।"

मनसुनमा सुधार आए पनि अब यो याममा फेरि फर्केर आरोहणमा जाने सम्भावना नरहेको उहाँको भनाइ छ । विगतका वर्षमा त्यस क्षेत्रमा हतपत वर्षा नै नहुने भए पनि अत्यन्त न्यून हुने गरेकोमा यस पटक भने दुईसातादेखि निरन्तर पानी परिरहेको स्थानीय व्यवसायी प्रबल लामा बताउनुहुन्छ । "बेस क्याम्पमा निरन्तर आउन थालेको सन् २०१४ देखि हो । यो बाह्र वर्षको अवधिमा यस्तो कहिल्यै देखिन", उहाँले भन्नुभयो, "यो वर्ष त पानी नस्टप परिरहेको छ । हिमपात पनि उस्तै छ । बेस क्याम्पमै तीनफिटसम्म हिउँ परेको छ । क्याम्प वान, क्याम्प टु, श्रीतिर त सात, आठ फिट बाक्लो हिउँ परिसकेको छ । जोखिम देखेपछि आरोही फर्किएको उहाँको भनाइ छ ।

विश्वमै ख्याति रहेको आठ हजार १६३ मिटर मनास्लु आरोहण गर्न यस याममा करिब पाँचसय आरोहीले अनुमति लिएका थिए । गत वर्ष ६७ देशका ४१ समूहका ३६६ जना पुरुष र १२७ जना महिला आरोहीले अनुमति लिएका थिए । त्यसबाट नेपाल सरकारलाई रु २२ करोड ४८ लाख १४ हजार राजस्व प्राप्त भएको थियो ।

# नेपालगञ्जको तरकारी बजार पहाडको उत्पादनले धान्दै

राँझा (बाँके), ६ असोज । नेपालगञ्जस्थित प्रसिद्ध रानी तलाउ तरकारी बजारमा बिक्री हुने तरकारी अहिले नेपालकै पहाडी जिल्लाबाट आयात हुने गरेको छ ।

भन्सारमा कडाइ भएपछि अहिले नेपालगञ्जमा पहाडी जिल्लामा उत्पादन भएको तरकारीले बजार पाएको नेपालगञ्जस्थित रानी तलाउ कृषिउपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीले बताउनुभयो ।

उहाँका अनुसार, जेठदेखि मङ्सिरसम्मको अवधिमा स्थानीय बजारमा खपत हुने कुल तरकारीमध्ये करिब ८० प्रतिशत तरकारी सल्यान, रुकुम, रोल्पा र दाङलगायतका छिमेकी पहाडी तथा भित्री मधेसका जिल्लामा उत्पादन भएको हुन्छ । बाँकी २० प्रतिशत मात्र भारतीय तथा अन्य क्षेत्रबाट आउने तरकारीले बजारको माग धान्ने गर्छ ।

सीमा नाकामा अवैध रूपमा भित्रिने तरकारीमा कडाइ गरिएपछि स्वदेशी उत्पादनको माग र खपत ह्वात्तै बढेको छ । गत वर्षको तुलनामा यस वर्ष पहाडी जिल्लाबाट आउने तरकारीको परिमाणमा उल्लेख्य वृद्धि भएको अध्यक्ष मोतिसराको भनाइ छ ।

"सीमामा निगरानी कडा हुँदा अवैध आयात नियन्त्रणमा आएको र त्यसको प्रत्यक्ष लाभ नेपाली किसानले पाएका छन्", उहाँले भन्नुभयो, "स्वदेशमै उत्पादन भएको ताजा तरकारीले सहजै बजार पाउन थालेपछि किसानले आफ्नो पसिना र उत्पादनको उचित मूल्य पाउन थालेका छन् ।"

रानी तलाउ बजार नेपालगन्जका लागि मात्र नभई लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उपभोक्ताका लागि प्रमुख तरकारी थोकबजारका रूपमा परिचित छ । यहाँ दैनिक ठूलो परिमाणमा तरकारीको कारोबार हुने गर्दछ । यहाँ सङ्कलन भएको तरकारी विभिन्न खुद्रा बजारका साथै आसपासका अन्य जिल्लामा आपूर्ति हुने भएकाले यो बजार सिङ्गो क्षेत्रीय कृषि अर्थतन्त्रको महत्वपूर्ण केन्द्र बन्दै गएको नेपालगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष चिरञ्जीवी ओलीले बताउनुभयो । स्वदेशी उत्पादनको बजार सुनिश्चित गर्न सीमा क्षेत्रमा हुने अवैध आयात नियन्त्रणलाई निरन्तर प्रभावकारी बनाउनुपर्ने उहाँको भनाइ छ ।



**मनै लोभ्याउने सिद्दी गाउँ**

मनै लोभ्याउने लमजुङको क्व्होलासोथार गाउँपालिका–५ सिद्दी गाउँ । गुरुङ समुदायको मौलिक संस्कृति, परम्परा र प्राकृतिक सौन्दर्यले पर्यटकलाई आकर्षित गर्दै आएको सिद्दी पछिल्लो समय पर्यटनको गन्तव्यका रुपमा विकास हुँदै गएको छ । *तस्बिर: जनक श्रेष्ठ/रासस*

# दसैँ नजिकिँदै गर्दा मूर्तिकारलाई चटारोः परम्परा जोगाउँदै जीविकोपार्जन

राँझा (बाँके), ६ असोज : नेपालीको महान चाड दसैँ नजिकिँदै जाँदा नेपालगञ्जका मूर्तिकारलाई यतिबेला भ्याइनभ्याइ छ । सडक किनारका अस्थायी टहरादेखि घरका आँगनसम्म माटोका सुगठित मूर्तिले भरिभराउ छन् । तराई क्षेत्रमा घटस्थापनाका दिनदेखि टोलटोलमा माटोका मूर्ति स्थापना गरी नवदुर्गा भवानीको पूजाअर्चना गर्ने पुरानो परम्परा छ । यतिबेला यहाँका कालिगड दिनरात नभनी त्यही काममा खटिएका छन् ।

पराल, बाँस, माटो, भुस र दाउराको प्रयोग गरी तयार पारिएका मूर्तिमा देवीदेवताका बाहन र अस्त्रशस्त्र सजाउने अन्तिम काम भइरहेको नेपालगञ्ज उपमहानगरपालिका ८ का अङ्कित मिश्र बताउनुहुन्छ ।

"दुर्गा, लक्ष्मी, गणेश, कार्तिकेसँगै बाघ, मुसा, राँगा र सर्पका आकृति तयार भइसकेका छन्", उहाँले भन्नुभयो, "ग्राहकले महिना अगाडि नै अर्डर गर्ने भएकाले समयमै काम सक्न चटारो छ ।" मूर्तिको सजावट तथा औजार भने सीमावर्ती भारतीय बजार रुपैडिहाबाट ल्याइने गरिएको छ ।

नेपालगञ्ज–६ का सन्दीपकुमार वंसकारले सडक किनारको अस्थायी टिनको टहरामा सयौँ मूर्ति तयार पारिरहनुभएको छ । "सानोमा घरमै ससाना मूर्ति बनाउँथेँ, पछि ठूला बनाउन थालेँ, "वंसकार भन्नुहुन्छ, "नवरात्र हाम्रो मुख्य सिजन हो । मेहनत धेरै छ, पराल, माटो, काठ, काँटी र डोरीको जोहो गर्नुपर्छ ।"

रु. २० देखि २५ हजारमा बिक्री हुने एउटा मूर्तिबाट रु. चारदेखि पाँच हजारसम्म नाफा हुने उहाँको भनाइ छ । विगतका वर्षमा अधिकांश मूर्ति भारतबाट आयात गरिएकामा पछिल्ला वर्षमा नेपालगञ्जमै बनेका मूर्तिको माग ह्वात्तै बढेको छ । "टाढाबाट ल्याउँदा टुट्ने–फुट्ने जोखिम हुने भएकाले धेरैजसोले यहीँ अर्डर दिन्छन्", मूर्तिकार सन्दिप भन्नुहुन्छ । यद्यपि, अझै पनि धेरै ठूला र विशेष डिजाइनका लागि केही मानिस भारतीय बजार पुग्ने गरेका छन् ।

बाँकेको नेपालगञ्ज, कोहलपुर, जानकी, खजुरा, डुडुवा र नरैनापुर क्षेत्रमा दसैँको भोलिपल्ट दुर्गा झाँकी निकाल्ने परम्परा छ । टोल–टोलमा समुदाय मिलेर रकम सङ्कलन गरी वा निजी खर्चमा नवदुर्गा भवानीको मूर्ति स्थापना गर्ने गरिन्छ । स्थानीय अगुवा सन्तोषकुमार कनोडियाका अनुसार, टोलमा देवीको मूर्ति स्थापनासँगै बगियामा रामलीला सुरु हुने र त्यसपछि मात्र दसैँको वास्तविक माहोल सुरु हुन्छ ।

नवरात्रभर विधिवत् पूजाअर्चना गरिएका ती मूर्तिलाई दसैँको भोलिपल्ट नजिकैको राप्ती नदीमा लगेर धूमधामका साथ विसर्जन गर्ने प्रचलन छ ।

# कर्णाली करिडोर : छारेभिरको पहिरो पन्छाउन सकस

**कालीबहादुर थापा/रासस**

हुम्ला, ६ असोज । कर्णाली करिडोरअन्तर्गत सर्केगाड गाउँपालिका–२ रिप नजिकैको छारेभिरमा पहिरोसँगै ढुङ्गा पन्छाउन समस्या भएको छ । दुई स्थानबाट पहिरो खसेपछि करिब एक सय मिटर सडकमा ठूला/ठूला ढुङ्गा थुप्रिएका छन् ।

पहिरो खस्ने क्रम अझै नरोकिएको र सडकमा खसेका ठूला ढुङ्गा सामान्य 'स्काभेटर' ले हटाउन नसकिने भएकाले विस्फोट गराएर फुटाउनुपर्ने अवस्था आएको हिल्सा–सिमकोट सडक आयोजनाका प्रमुख बेलबहादुर नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार "ठूला ढुङ्गा खसेकाले स्काभेटरबाट मात्रै हटाउन सम्भव देखिएन । ड्रिल मेसिन प्रयोग गरेर ब्लास्टिङको तयारी भइरहेको छ ।"

उहाँका अनुसार विष्फोटनका लागि आवश्यक तयारी भइरहेको भए पनि मौसम तथा अन्य प्राविधिक अवस्थाले साथ दिएन भने सडक सञ्चालनमा ल्याउन करिब एक साता अझै लाग्न सक्ने देखिएको छ । यसको लागि आवश्यक बजेटको समेत व्यवस्थापन गर्नुपर्ने भएको छ यद्यपि आयोजना कार्यालयले सडक खुलाउन निरन्तर काम गरिरहेको बताउनुभयो ।

पहिरोका कारण सडकबाट नियमित आवतजावत गर्न नसकेपछि यात्रुहरू जोखिम मोलेर वैकल्पिक बाटो अर्थात् सडकको भिरतर्फ डोरी लगाएर भर्याङ बनाई यात्रुहरू वारपार गरिरहेका स्थानीय कमल बुढाले बताउनुभयो ।

सडक अवरुद्ध भएपछि कर्णाली करिडोर हुँदै हुम्ला आवतजावत गर्ने यात्रु तथा सवारीसाधन प्रभावित भएका छन् । आयोजना प्रमुख नेपालीले सडक खुलाउन प्राविधिक टोली र आवश्यक उपकरण परिचालनको काम भइरहेको जनाउँदै जोखिमपूर्ण अवस्थामा यात्रुहरूलाई भिरबाट आवतजावत नगर्न आग्रहसमेत गर्नुभयो । शुक्रबार दिउँसो सडक अवरुद्ध भएपछि सिमकोट हुँदै सुर्खेत नेपालगञ्ज तथा नेपालगञ्ज हुँदै सिमकोट कैलाश मानसरोवर दर्शन गर्न जाने यात्रुहरू अलपत्र परेका छन् ।

# नेपाल आँखा अस्पताल र सिद्धार्थ बैङ्कबिच सम्झौता

काठमाडौँ, ६ असोज । नेपाल आँखा अस्पताल र सिद्धार्थ बैङ्कबिच विपन्न, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा पिछडिएका क्षेत्रका नागरिकको निःशुल्क आँखा परीक्षण तथा मोतियाबिन्दुको शल्यक्रियाका लागि सहयोग उपलब्ध गराउनेसम्बन्धी द्विपक्षीय सम्झौता भएको छ ।

सम्झौताअनुसार बैङ्कले कार्यक्रम सञ्चालनका लागि अस्पताललाई आवश्यक आर्थिक सहयोग उपलब्ध गराउनेछ । अस्पतालले समुदायमा पुगेर आँखा परीक्षण तथा मोतियाबिन्दुको शल्यक्रिया शिविर सञ्चालन गर्नेछ ।

अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाईंका अनुसार उक्त कार्यक्रम आर्थिक वर्ष २०८३/८४ देखि २०८७/८८ सम्म सञ्चालन हुनेछ । कार्यक्रमअन्तर्गत बागमती, गण्डकी र मधेस प्रदेशमा समुदायमा आधारित आँखा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । पहिलो वर्ष गण्डकी प्रदेशमा कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्तै, बागमती र मधेस प्रदेशमा कार्यक्रम विस्तार गरिने छ ।

कार्यक्रममा ज्येष्ठ नागरिक, आर्थिक रूपमा विपन्न, सीमान्तकृत तथा पिछडिएका समुदायका मोतियाबिन्दुको जोखिममा रहेका व्यक्तिलाई प्राथमिकता दिइने छ । अस्पतालले समुदायमै पुगेर आँखा रोगको पहिचान, आवश्यक परामर्श तथा मोतियाबिन्दुका बिरामीलाई निःशुल्क शल्यक्रिया सेवा उपलब्ध गराउने छ ।

अस्पतालले पाँच वर्षमा ४५ वटा आँखा परीक्षण शिविर सञ्चालन गरी करिब १५ हजार जनाको आँखा परीक्षण गर्ने लक्ष्य राखेको छ । त्यस्तै, १५ वटा शिविरमार्फत करिब एक हजार जनाको निःशुल्क मोतियाबिन्दुको शल्यक्रिया गर्ने लक्ष्य राखिएको छ ।

आर्थिक तथा भौगोलिक कारणले गुणस्तरीय आँखा उपचार सेवाबाट वञ्चित समुदायलाई सेवा उपलब्ध गराउन कार्यक्रमले सहयोग पुग्ने अस्पतालले जनाएको छ । रासस

। सम्पादकीय ।

# विदेशीको स्वार्थमा मात्र आयोग र समितिको प्रतिवेदन कार्यान्वयन हुने हो र ?

भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको हिमपहिरो र यसबाट भएको अपूरणीय जनधनको क्षतियता अध्ययन समितिहरू पनि गठन भइरहेका छन्। असोज ५ गते बसेको प्रतिनिधिसभामा पनि १५ सदस्यीय संसदीय समिति गठन गरियो। यसअघि भदौ ३१ गते सिंचाइ मन्त्रालयले ७ सदस्यीय प्राविधिक अध्ययन समिति गठन गरेको थियो। प्रतिनिधिसभाको अर्थ समितिले पनि आर्थिक प्रभाव अध्ययन समिति गठन गरेको थियो। विश्वमा बढिरहेको प्रदूषण र पृथ्वीको तापमान वृद्धिसँगै हिमपहिरो, असमयमा अधिक वर्षा र खडेरी भइरहेको विज्ञानसम्मत विषय हो। तर, सरकारमा गएका दलहरू प्रदूषण फाल्ने देशहरूको छायामा बस्ने हुँदा यी विषय उठान हुने अवस्था छैन। देशभरि सुरक्षित स्थानमा आवास विकासमा अहिलेसम्मका सरकारहरू लागेकै देखिएन।

निर्वाचन आयोगले प्रवासी नेपालीलाई मतदान गराउने विषयमा गठित आयोगहरूको प्रतिवेदनमाथि पनि छलफल चलाउँदै छ। स्थानीय तहको निर्वाचन कानुनअनुसार आउने फागुनभित्र सम्पन्न गर्नुपर्ने हुँदा आयोग यो छलफलमा जुटेको बताइन्छ। नेपालभित्रका मतदातालाई भयरहित मतदानको वातावरण नभइरहेको अवस्थामा प्रवासी नेपालीलाई मतदान गराउने आयोगको छलफल कार्यान्वयन सजिलो छैन। आयोगले २०६८ सालमा विदेशमा रहेका नेपालीको मतदानबारे तयार भएको प्रतिवेदन र सर्वोच्च अदालतको २०७४ को फैसलाअनुसार छलफल अघि बढाइरहेको दाबी गऱ्यो।

नेपाली जनताको जीविका र वातावरण संरक्षणबारे सर्वोच्च अदालतको फैसला र कतिपय आयोगका प्रतिवेदनहरू थुप्रै छन् तर कार्यान्वयन गरिएको छैन। किसानदेखि उपभोक्तासम्म कृषि उपजको आपूर्ति श्रृङ्खला पाँच तहमा रहेको सार्वजनिक भयो। के यसले सरकारहरू बिचौलियाप्रेमी भएको पुष्टि हुँदैन र ? नेपालका अधिकांश स्थानीय तह दिसामुक्त घोषित गरिएका छन्। तर, ती घोषित कतिपय स्थानीय तहहरूमा सडकमै दिसा पिसाब हुने नरोकिएको सार्वजनिक भइरहेको छ। यसतर्फ कुनै पनि सरकारले ध्यान दिएको देखिएन।

सरकारी, सार्वजनिक, गुठीको स्वामित्वका कतिपय पोखरीहरू सम्बन्धित कार्यालयका अधिकारीहरूको मिलेमतोमा व्यक्तिको नाममा दर्ता गराउने र भवनहरू बनाइदिने काम भइरहेका छन्। तर, सरकारहरू यस्ता पोखरी र जग्गाबारे छानबिन आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्न किन मान्दैनन्? काठमाडौँ थः बहीको कमलपोखरी, मध्यपुरको बोडे र भौखेलको कमलपोखरी, दुवाकोटको चौर व्यक्तिको नाममा गरिएको दर्ता खारेज गरी व्यक्तिको नाममा दिने सम्बन्धित अधिकारीलाई कारबाही किन हुँदैन ?

सरकारले धितोपत्र बोर्ड व्यवस्था गरी शेयर बजारलाई फराकिलो बनाउँदै छ। लगानीकर्ताको साढे ४५ खर्ब सम्पत्ति पुगेको भनिएको पुँजी बजारको नेप्सेमा सूचिकृत ९० वटा कम्पनीमध्ये ७२ वटामा असोज ५ गते ह्याकरले ह्याक गरेको सार्वजनिक भयो। पैंतीस वर्ष पुरानो पुँजी बजार व्यवस्थित नहुँदा सर्वसाधारण लगानीकर्ताको सम्पत्ति डुबेको यसअघि नै सार्वजनिक भएको हो। के सरकारहरूले पुँजीबजारसम्बन्धी आफ्नै आत्मनिर्भर सफ्टवेयर विकास गर्नु पर्दैन र ?

नेपालको पासपोर्ट ठेक्का जर्मन कम्पनी भेरिडोसलाई दिइएको र यसविरुद्ध फ्रान्सेली कम्पनी आइएन ग्रुप सर्वोच्च अदालत पुगेको सार्वजनिक भयो। यसबारे रास्वपा सरकारको चासो देखिएको पनि सार्वजनिक भएको हो। ठेक्का, राजनीतिक नियुक्तिमा सरकार नमुछिएको कहिल्यै छ र ? हालै प्रकाशित भयो-"मूल्यवृद्धि १.६८ बाट ५.९६ प्रतिशत पुग्यो।" के मूल्यवृद्धिमा पनि सरकार मुछिएको हो ?

सरकारहरूको छलफल चुनावमा कसरी जित्ने, कसलाई राजनीति नगराउने भन्दा पनि व्यापक जनताको हितमा हुनु जरुरी छ।

# संरा अमेरिका–इजरायल र इरानबिचको युद्धले विश्वमा आर्थिक मन्दीको खतरा

✍ हिमालयश्वर

इरानविरुद्ध ६ महिना लामो युद्धबाट आजित भएर पछाडि हट्न बाध्य भएको अमेरिका साउदी अरब र विद्रोही यमनबिचको युद्धमा फस्न चाहेन। केही हप्तामै इरान पराजित हुने उद्घोषसहित युद्धमा होमिएमा अमेरिकाले ६ महिना बितिसक्दा छेउ टुप्पो भेटाउन सकेन र हाल अमेरिकी हतियार र खजानाको भण्डारमा ठूलो कमी आएको छ। विशेषत: अरब खाडी राष्ट्रमा रहेको अमेरिकी सैनिक अखडा र सैनिक बेडामा एडभान्स मिसाइल, एअरडिफेन्स इन्टर सेप्टर (प्रतिरक्षा प्रणाली) भारी मात्रामा कमी आएको अमेरिकी रक्षा विभागको रिपोर्ट बाहिर आएको छ। यसको अर्थ अमेरिकी सैनिक अखडा, सैनिक बेडा, सैनिक जहाजमाथि इरानी क्षेप्यास्त्र, ड्रोन प्रहार अचूक निशाना साँधन सफल भएको छ। अमेरिका-इरान युद्धमा इरानलाई हराउनभन्दा आफ्ना सैनिक अखडा, सैनिक बेडा, सैनिक हतियार, लडाकु विमान, सैनिकहरूलाई समेत जोगाउन ठूलो समस्या सृजना भयो। दसौं हजार कूटनीतिक नियोगका कर्मचारीहरूसमेतलाई आ-आफ्नो कार्यालय खाली गरेर अमेरिका फिर्ता बोलाइयो। इरानमाथि हमला गर्न सैनिक अखडालाई सहयोग र सुरक्षा गर्न प्रयोग गरिएको अब्राहम जर्ज वासिङटनजस्ता आणविक विशाल समुद्री बेडा मध्यपूर्वबाट पछाडि हटिसकेको छ। ती सैनिक बेडामाथि इरानी आक्रमणबाट ठूलो क्षति भएपछि मर्मत सम्भारको नाउँमा मध्यपूर्वबाट टाढा लगिएको भिडियो सार्वजनिक भएको छ।

दोस्रो विश्व युद्धपछि संरा अमेरिका महाशक्तिको रूपमा उदय भएपछि क्रान्ति भएका समाजवादी देशहरू समाप्त गर्न अन्य निर्धन राष्ट्रहरूमाथि आर्थिक नाकाबन्दी गर्दै आएको तथ्य सार्वजनिक भइरहेको छ। ५० वर्षदेखि क्युबा, प्रजग कोरियामाथि आर्थिक नाकाबन्दी लगाउँदै आएको उदाहरण ताजा नै छ। आज अमेरिकाले प्रयोग गरेको हतियारबाट इरानले अमेरिकामाथि प्रहार गर्दै छ। इरानले सशक्त आर्थिक नाकाबन्दीको हतियार हर्मुज जलडमरुको समुद्री जलमार्ग कब्जा गरेको छ। यो आर्थिक हतियार आणविक बमभन्दा कम देखिएन। किनकि आणविक बमले एक दुई सहरमात्र ध्वस्त गर्न सकिन्छ। हर्मुज जलडमरु कब्जाले विश्व तरङ्गित भएको छ। विश्वमा अति आवश्यक इन्धन, केमिकल, दैनिक उपभोगका सरसामान, कच्चापदार्थको सामानहरूसमेत यसै हर्मुज जलमार्गबाट ल्याउने लैजाने गर्छन्। आज यो जलमार्ग बन्द हुँदा अमेरिकालगायत युरोपेली देशहरू र एसियामा समेत आर्थिक बजार अस्थिर भइसकेको छ। औद्योगिक मुलुकका हजारौं उद्योगहरू बन्द हुने अवस्थामा पुगिसकेको छ। अमेरिकाले हवाई हमला गरे पनि, सयौं बम खसाले पनि जलमार्ग खोल्न सकेको छैन। स्वीजरलैन्डमा अमेरिका इरानबिच १४ बुँदे युद्धविरामका सर्तहरूमा सही गरेको केही हप्तामै एकतर्फी सम्झौता तोडेर इरानमाथि पुन: आक्रमण गरी युद्ध सुरु गर्ने अमेरिकामाथि इरानले प्रत्याक्रमण गरी हर्मुज जलडमरु कब्जा गर्नु र खाडी राष्ट्रका अमेरिकी सैनिक अखडामाथि भिषण आक्रमण गर्नुमा कुनै आश्चर्य छैन। अमेरिका खाडी राष्ट्रमा इरानी आक्रमणको प्रतिरोध गर्न अमेरिकालाई कुनै युरोपेली शक्ति राष्ट्रहरूले साथ दिएनन्, बरु टुलुटुलु मूकदर्शक बनेका छन्। युरोपेली मुलुकहरू बाध्य हुनुको कारण युद्धमा हुने खर्च व्यहोर्ने तागत कसैसँग छैन। वर्तमान विश्वमा बेलायत, जर्मन, फ्रान्सलगायतका देशहरूमा आर्थिक मन्दिले महँगी अकासिएको छ। सरकारको विरोधमा ठूलठूला जुलुस प्रदर्शन भइरहेको छ भने जर्मन, फ्रान्स, बेलायतमा धेरै सङ्ख्यामा दक्षिणपन्थी सरकारविरोधीहरूले चुनाव जितिसकेका छन्। अबको निर्वाचनमा धेरै युरोपेली राष्ट्रहरूमा अमेरिकाविरोधी अविकसित राष्ट्रहरूको पक्षमा उभिने पार्टीहरू विजय हुने सम्भावना निश्चित भइसकेको छ। यस्तो अवस्थामा अमेरिकी समर्थक साउदी अरबको सैनिक हस्तक्षेपमा बनेको यमन सरकारविरोधी सशस्त्र हुथी विद्रोहीले यो हप्तामा धेरै प्रमुख सहरहरू कब्जा गरिसकेका छन्। हुथी विद्रोहीले युरोप, अमेरिकालगायत देशमा ३० प्रतिशत सामान ढुवानी हुने सागरको जलमार्गको 'मोचा बन्दरगाह' र 'अल वाल अल मन्देब' जलडमरु यसै हप्तामा कब्जा गरिसकेका छन्।

अब युरोप, अमेरिकामा १२ करोड ब्यारेल तेल निर्यात बन्द हुनेछ। अब विश्वमा पेट्रोल, डिजेलको भाउ अकासिने छ। यस प्रभावको एक उदाहरण जुलानि सरकारको विरोधमा जनता सडकमा आइसकेका छन्। यसरी जनताको विरोध बढ्दै जाने हो भने विश्वमा धेरै अमेरिकी साम्राज्यवाद र नरसंहारकारी इजरायल समर्थक सत्ता अपदस्त हुने सम्भावना देखिएको छ। कुनै पनि राज्यसत्ता रहेका सैनिक शक्तिले पनि आर्थिक मन्दीबाट हुने जनविद्रोह दबाउन सक्दैन। पहिलो विश्व युद्ध र दोस्रो विश्व युद्धबाट सिर्जेको आर्थिक मन्दीले धेरै देशहरू बेलायत, जर्मन, फ्रान्स, इटाली, स्पेनजस्ता साम्राज्यवादी देशहरूबाट औपनिवेसिक राष्ट्रहरू मुक्त भएको तथ्य इतिहासले पुष्टि भइसकेको छ।

आज पुन: अन्तर्राष्ट्रिय वित्तीय प्रणालीको स्थायित्वमाथि सङ्कट देखिएको छ। साम्राज्यवादीहरूको सैनिक शक्तिको विस्तार, व्यवस्थापन खर्च, महँगा हतियारमा विशाल धनराशी खर्चले ऋणमाथि थप ऋणको भार बढ्नेछ। यही स्थिति संरा अमेरिकाको सार्वजनिक ऋण ४० ट्रिलियन डलर पुगिसकेको छ। यो सार्वजनिक ऋण नियन्त्रण बाहिर जाने अवस्थामा पुगेको छ। अमेरिका, इजरायलको इरानविरुद्धको युद्धमा ३८ अर्ब डलर खर्च भइसकेको तथ्याङ्क बाहिर आएको छ। यदि अमेरिका डुब्यो वा टाट पल्टियो भने उसले उठाएको सार्वजनिक ऋण स्वदेशी बैङ्क, कम्पनीसँग मात्र होइन, खाडी राष्ट्रहरू, युरोप, चीन, भारतसमेत सँगसँगै ट्रेजरी धितोपत्र बेचेर ऋण प्राप्त गरेका हुन्। जुन अमेरिकी ट्रेजरी धितोपत्रबाट उठाएको ऋण तिर्न अमेरिका असफल भएमा विश्व बजारमा आर्थिक सङ्कट आउनेछ। अन्तर्राष्ट्रिय मुद्राकोषले अमेरिकी बढ्दो ऋणले विश्वव्यापी अर्थतन्त्रमा 'बढ्दो' स्थिरता जोखिम छ भनी यस वर्ष सुरुमै चेतावनी दिएको छ। यसको ताजा उदाहरण नेदरल्यान्डले अमेरिकी बैङ्कमा रहेको 'सुन' झिकेर बेलायतमा जम्मा गरिसकेको छ। यो एक अमेरिकी अर्थतन्त्रमा देखिएको सङ्कटको लक्षण हो। चीनको सिन्हवा समाचारले संरा अमेरिकाको ऋण ४० ट्रिलियन डलर नाघेको पुष्टि गरेको छ। अन्तर्राष्ट्रिय वित्तीय प्रणालीको कमजोरीलाई मूल्याङ्कन गर्नुपर्ने सिन्हवाले टिप्पणी गरेको छ।

# अदालतमा आर्थिक चलखेल कहिलेसम्म ?

भक्तपुर जिल्ला अदालतको अत्याधुनिक भवनबारे चौतर्फी चर्चा भइरहँदा त्यसभित्रका केही पात्रहरूका कारण धारे हात लगाउने गरिएको छ। दरबार स्क्वायरस्थित पुरानो भवनमा बाल अदालत र श्रम अदालत स्थानान्तरण भएपछि न्याय क्षेत्रमा भक्तपुरको चर्चा चुलिएको हो। अदालतको नयाँ भवन बनेपछि ६ बाट ८ वटा इजलास चलेको थियो। यस वर्षबाट ११ वटा इजलासबाट मुद्दाहरू हेर्न थालेपछि मुद्दाको कारबाही छिटोछिटो भएको छ। हिजो ८ वटा इजलास हुँदा १०।१५ दिनमा पेशी चढ्ने गरेकोमा अहिले हप्तादिनमै पेशी चढेबाट मुद्दाको छिनोफानो समयमै हुने अपेक्षा छ। अघिल्लो हप्तादेखि अदालतको प्रत्येक आदेश सोही दिन अनलाइनमा राख्न थालेबाट सेवाग्राहीहरूलाई फोटोकपीको लागि धाउनुपर्ने झन्झट हटेको छ। नयाँ प्रधानन्यायाधीशको पालामा सेवाग्राहीमा केही आशा पलाएको भए पनि जेनजी समर्थित रास्वपा सरकारमा पनि अदालतभित्र आर्थिक चलखेलको कुरा लेख्नुपर्दा ग्लानी भइरहेको छ।

अदालतको नयाँ भवनमा जेनेरेटर नहुँदा लोडसेडिङमा अत्याधुनिक भवनलाई गिज्याइरहेको हुन्छ। आधुनिक डिजिटलाइज्ड युगमा विद्युत्को वैकल्पिक स्रोत नहुँदा अँध्यारो कोठामा न्यायाधीश र कर्मचारीहरू इजलासमा आउजाउ गरिरहँदा अप्ठ्यारो महसुस हुन्छ। पटक-पटक मुद्दाको सुनुवाइमा समेत समस्या भएकोले ५।७ लाखको जेनेरेटर वा सोलार प्लान्टको लागि पनि माथिको मुख ताकेरै बस्ने ? भन्ने चर्चा छ।

अदालतको प्रत्येक तलामा जारको खानेपानी व्यवस्था छ। तर, पुरुष शौचालयको ढोकाको संरचना नमिल्दा सँगैको महिला शौचालय प्रयोगकर्ताहरू अप्ठ्यारो मानिरहेछन्। सो ढोका वा खापाको संरचना बदल्ने वा तत्कालको लागि पाटन उच्च अदालतमा जस्तै पर्दाको व्यवस्था गर्न पाए तत्कालको लागि समाधान मिल्ने थियो।

अदालतजस्तो न्यायको स्थलमा सुशासनमा प्रश्न खडा गराइरहेको क्षेत्र क्रमश: अभिलेख, तहसिल र तामेली देखिएका छन्। हिजोका दिनको तुलनामा लेखा शाखामा आर्थिक अनियमितता लगभग सुनिन्न। कति शाखामा सानै काम गराउँदा पनि सेवाग्राहीबाट छुट्टै लाभ खोजिन्छ तर कामको शैली वा गति उस्तै छ। फलाना फाँट गएर काम लिन नपरे हुन्थ्यो, किनभने त्यहाँ फलाना कर्मचारीले यति माग्छ भन्ने जस्ता टिप्पणी भइरहन्छ। अन्य शाखा र नियमित फाँटमा बाहिरबाट हेर्दा सामसुम देखिए पनि पुरानो प्रवृत्तिका केही कर्मचारीहरूले माहोल बिगार्न खोजिरहेको देखिन्छ।

अभिलेख शाखामा पुराना मिसिलहरू पहिलाभन्दा व्यवस्थित भए पनि एक दुईजनाले कमाइखाने भाँडो बनाइरहेको व्यापक गुनासो छ। हप्तादिन अगाडि हेरेको फाइल आर्थिक लाभ नहुँदो हो त महिनौं फेला पर्दैन। फैसलाको जनाउपत्र लिन र म्याद तामेली गराउन फैसलाको प्रतिलिपि लिनसमेत शुभलाभ खोज्ने गरेको गुनासो छ। कुन मिसिल कहाँ गएको भन्ने अभिलेख नहुँदो हो र ? फाँटमा वा इजलासमा गएको, सर्वोच्च वा उच्च गएको, तहसिल गएको विवरण नहुने हो र ?

फैसला कार्यान्वयनमा ढिलाइ हुनाका कारण पनि आर्थिक अनुशासनकै कुरा प्रमुख छ। प्रक्रिया बुझाउन र मिसिल पढ्न झन्झट मान्ने, अनि एकैचोटि एक डेढ महिनाको तारेख राख्ने, तारेखको दिन सेवाग्राही आएपछि तारेख दिन हत्तार, म्याद तामेलीमा निगरानी नहुने अनि समय लम्बिने तहसिलको पुरानै रोग छ।

अदालतको काम कारबाहीमा ढिलाइ भइरहेको प्रमुख शाखा म्याद तामेली शाखा देखियो। मुद्दाको सङ्ख्याको कारण हो कि तामेलदारमा जवाफदेहीताको अभाव हो ? ५।६ महिनासम्म म्याद तामेल नभएको रेकर्ड धेरै छन्। म्यादवाहित कर्मचारीलाई सोध्दा म्यादको थुप्रो देखाउने, फोन उठाएन भन्दै त्यसै राख्ने, पक्षसँग समन्वय नगरी म्याद फिर्ता पठाउने, अनि पुन: म्याद जारी गराउनुपर्ने, तामेल भएको म्यादको प्रतिवेदन समयमा नबुझाउने, सुरु म्याद, पुनरावेदन म्याद, फैसला कार्यान्वयनको म्याद, पक्राउको म्याद गरी एकै व्यक्तिको पटक-पटक म्याद दिन पनि उस्तै ढिलाइ हुने व्यापक गुनासो छ। एकजना तामेलदारले दिनको सरदर कतिवटा म्याद तामेल गर्ने हो, कति जनालाई फोनबाट ताकेता गर्ने, कति पटक ताकेता गर्दा नबुझ्नेलाई घरदैलोमा टाँस गर्ने, कुन बेला पक्षको सहयोग लिई घरदैलोमा पुग्ने भन्ने कार्यतालिका बनाउन पाए कसो होला ?

अदालतको प्रभावकारितामा बार र बेन्चको भूमिका महत्त्वपूर्ण हुनेमा हिजोको तुलनामा बार सक्रिय देखिए पनि आर्थिक चलखेल अन्त्य र सुशासन कायम गर्ने विषयमा खबरदारी गरी रहनुपर्ने होइन र ?

**- विशाल (सेवाग्राही)**



पाठक पत्र

# अफ्रिकी स्वतन्त्रता सेनानी क्वामे एन्क्रुमा – ३

**पहिलो अफ्रिकी प्रधानमन्त्री**

१२ फेब्रुअरीको दिन एन्क्रुमा जेलबाट छुटे । १३ फेब्रुअरीको दिन गभर्नरले सरकार बनाउन उनलाई आमन्त्रण गरे । एन्क्रुमा बेलायती गभर्नरको दरबारजस्तो क्रिश्चियनवर्ग किल्ला कहिल्यै पुगेका थिएनन् । नामै 'सुनको किनार' (Gold Coast) नाम भएको देशको गभर्नरको निवास सेतो ढुङ्गाले बनाएको र भित्रभित्र सजाइएको भवन थियो । बुर्जामा बेलायती राष्ट्रिय झन्डा फहराइएको थियो । गभर्नर आर्डेन क्लार्क र एन्क्रुमाको पहिलो भेट थियो । त्यो भेट जोगीदेखि भैंसी डराउने र भैंसीदेखि जोगी डराउने खालको थियो । वार्तामा ७ जना मन्त्रीहरू र एन्क्रुमाको जनसभा दलका ५ जना प्रतिनिधि बसेका थिए ।

संयुक्त गोल्ड कोस्ट सम्मेलन (UGCC) का बेलायत समर्थक नेताहरूले गभर्नरद्वारा आफूहरू ठगिएको अनुभव गरे । एन्क्रुमाको दलले ठूलो विजय हासिल गरे पनि उनी विनम्र थिए र प्रेस सम्मेलनमा उनले भने, "म बेलायतकै मित्र भएको छु भनेर प्रस्ट्याउन चाहन्छु । हामी बेलायती राष्ट्रमण्डलकै सदस्यको हैसियतमा रहन्छौं । गणतन्त्रको मैले कल्पनै गरेको होइन ।" तर, घानाको स्थितिले पश्चिमी देशमा भुईँचालो गएको थियो ।

२० फेब्रुअरी १९५१ को दिन आक्रा बेलायती शैलीले सजिएको थियो । विधानसभाको चारैतिर सेनाको पहरा थियो । उद्घाटन समारोहमा गभर्नर घोडचढी सेनाद्वारा सवारी चलाइएको थियो । हरियो र रातो रङ्गको पोशाक र कालो रङ्गका घोडसवारी सबै बेलायती ढङ्गले नै सजाइएको थियो । सैनिकको ब्यान्डले 'ईश्वरले राजाको रक्षा गरून्' भन्ने राष्ट्रिय गान बजायो । आयोजकहरू र जातीय प्रमुखहरू सुनचाँदीका गहना र लुगाले सजिएका थिए । विधानसभाका अध्यक्ष पनि सोहीअनुसार सजिएका थिए ।

एन्क्रुमा र उनको पार्टीका नेताहरूलाई त्यसबेला 'जेलका स्नातक' भनिन्थ्यो । तिनीहरू आफ्नै संस्कृतिअनुसारको घरेलु लुगा र टोपीमा थिए । देश विदेशबाट शुभकामना र बधाईहरू आउँदै गर्‍यो । तर, उनलाई थाहा थियो – बाटो सजिलो छैन । नागरिक प्रशासन, प्रहरी, सेना, अदालत र विदेश विभाग गभर्नरको हातमा थियो । देशको प्रशासनिक कर्मचारीहरूमा ४ भागको ३ भाग बेलायतीहरू र तिनीहरूका पिछलग्गूहरू थिए ।

बेलायती उपनिवेशवादीहरूले एन्क्रुमा र उनका मन्त्रीहरूका निम्ति राम्रा राम्रा भवनमा आवास र महँगा गाडीहरूको बन्दोबस्त गरेका थिए । तर, शत्रुको 'चास्नी पोतेको गोली' बाट बच्न एन्क्रुमा र उनका मन्त्रीहरूले दुईतले साधारण भवनलाई नै आफ्नो प्रधानमन्त्री र मन्त्रीहरूको निवास बनाए । उपनिवेशवादीहरूले दामी रात्रिभोज र रक्सी पार्टीहरूमा एन्क्रुमा र उनका साथीहरूलाई फसाउन खोजे । तर, तिनीहरूले आफूहरूलाई आफ्ना गाउँ, नगर र बस्तीका साधारण महिलाहरू, किसान र मजदुरहरूसँगको भेटघाटमै व्यस्त राखे ।

एन्क्रुमा ठुलाबडा कर्मचारीहरूको चाकरी र चुक्लीबाट बच्न चाहन्थे । उनी दिनको झन्डै चार घण्टा मात्र सुत्थे । बिहान सबेरै उठ्थे र काममा अल्झी गरेको उनी हेर्न पनि चाहँदैनथे । उनी पार्टी केन्द्रीय कार्यालयमा पनि अति व्यस्त रहन्थे । उनी विधानसभा, जनसभा र कार्यकर्ताहरूको बिचमा छलफल र भाषण दिन व्यस्त रहन्थे ।

एन्क्रुमा घानाका नदी-नालाहरूमा जलविद्युत् उत्पादन गरेर देशलाई झिलिमिली पार्न र उद्योगधन्दालाई अगाडि बढाउन चाहन्थे; कोका रुखमा लागेको रोग निर्मूल गर्न चाहन्थे र जनता पनि छिट्टै देशको द्रुततर विकास गर्न चाहन्थे । तर, उपनिवेशवादीहरू भित्रभित्रै देशलाई विध्वंश गर्ने प्रतिपक्षलाई उचाल्थे । एन्क्रुमा र उनको पार्टी सबैसँग मिलेर काम गर्न चाहन्थे । जातीय नेताहरू आफ्नो प्रभाव क्षेत्र गुमाउन चाहँदैनथे र एन्क्रुमाका साँचो एकीकृत बन्दोबस्तका विरोधी थिए । पुरानो संस्कार र प्रभावलाई कायमै राखेर ती जाति र जनजातिहरूलाई उचाल्दै समाजमा अशान्ति चाहने तत्त्वहरूले राष्ट्रिय मुक्ति मोर्चालगत खाइलाग्दो नामको दल खोलेर घानालाई ४ राज्यको सङ्घीय व्यवस्थाको वकालत गरे ।

उपनिवेशवादीहरूले देशको विघटनकारी गतिविधि चर्काउँदै गए । ठाउँ-ठाउँमा एन्क्रुमाका पार्टी कार्यकर्ताहरूमाथि हमला, विरोध र हत्यासमेत गरियो । एक साँझ प्रधानमन्त्री निवासकै बार्दलीमा थिए । एउटा बम विस्फोट भयो तर कोही हताहत भएन । राजनीतिक उपद्रव र हत्या हुँदै गए । घानामा त्यसबेला ७ लाख मुसलमान थिए । तिनीहरूले पनि मुसलमान समुदाय दल, घाना काङ्ग्रेस पार्टीजस्ता अनुदारवादी दलहरू खोल्दै गए ।

जून १९५२ मा बेलायती अनुदारवादी सरकारको उपनिवेशमन्त्री ओलिभर लिटलेल्टन आउँदा एन्क्रुमाले माथिल्लो सदन बनाउन संविधान संशोधन गराउन राजी गराए ।

सन् १९५३ मा घानाको मुक्ति आन्दोलनलाई दबाउन साम्राज्यवादीहरूले 'शीतयुद्ध' कै सिलसिलामा 'कम्युनिस्ट विचार' दबाउन एन्क्रुमालाई दबाब बढाउन थाले । उनले विश्व मजदुर फेडेरसन र युवा फेडेरसनको गतिविधि र साहित्यमा प्रतिबन्ध लगाउने 'व्यावहारिक' पाइला चाले । उनले आफूलाई कम्युनिस्ट होइन एक क्राइश्चेली र मार्क्सवादी समाजवादी बताए । घानालाई ४ भागमा विभाजित गर्न खोज्ने राष्ट्रिय मुक्ति आन्दोलनका नेता कोफी एब्रिफा बुसिया एक अमेरिकी परोपकारी संस्थाबाट छात्रवृत्ति पाएका र बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा पढेका व्यक्ति थिए । उनी बेलायतीहरूलाई घाना छोड्नु हुन्न भन्थे ।

१९५४ अप्रिलमा जातीय नेताहरूलाई पनि राख्न मिल्ने गरी माथिल्लो सभासहितको नयाँ वा एन्क्रुमा संविधानअनुसार नयाँ निर्वाचन भयो । निर्वाचनमा जनसभा दल (CPP) को नारा थियो 'साधारण जनतासँग अगाडि बढ' र निर्वाचन चिह्न थियो 'विजयको चिह्न रातो भाले' । तर, निर्वाचनमा एन्क्रुमाले जनताको हितलाई बेवास्ता गरेको, उपनिवेशवादीहरूसँग मिलेको जस्ता झूटा प्रचारहरू गर्न बेलायती प्रेस नै लागिपरे । त्यस्ता झूटा आरोपहरूका कारण एन्क्रुमाले आफ्नै दलका ८० जना उम्मेदवारहरूलाई अनुशासन भङ्ग गरेकोमा निकाला गरे । तिनीहरू सबै विरोधीहरूसँग मिल्न गए । निर्वाचनमा एन्क्रुमाको पार्टीले १०४ स्थानमध्ये ७२ स्थानमा विजय प्राप्त गर्‍यो । उत्तरी जनता पार्टीले १२ स्थान प्राप्त गर्‍यो र अन्य दलहरू एक दुई स्थानमा विजयी भए । एन्क्रुमाको नेतृत्वमा नयाँ सरकार बन्यो ।

सन् १९५१ देखि १९५७ सम्मको त्यो औपनिवेशिक द्वैध शासनमा एन्क्रुमाले प्राथमिक शिक्षा निःशुल्क गरे । उनले विद्यालय जाने विद्यार्थी सङ्ख्या दोब्बर बनाए । साथै माध्यमिक विद्यालय र शिक्षक तालिम कलेज र संयन्त्रहरू पनि व्यापक बनाए । उनले प्रौढहरूमा निरक्षरता उन्मूलन अभियान चलाए । स्थानीय भाषाहरूमा समेत साहित्य र समाचारपत्रहरू प्रकाशित गर्न उनले उत्साहित गरे । उनले नौ ओटा अस्पताल स्थापना गरे भने १५ ओटा अस्पताललाई आधुनिक बनाए । पछि परेको उत्तरी क्षेत्रमा पनि उनले स्वास्थ्य सेवालाई ध्यान दिए ।

**स्वतन्त्रताको घोषणा**

१ सय १३ वर्षपहिले बेलायती उपनिवेशवादीहरूले घानाको फान्टी (Fanti) जातिको मुखिया या प्रमुखसँग एक असमान सन्धि गरी उपनिवेश बनाएका थिए । ६ मार्च १९५७ को दिन गाउँगाउँबाट एक लाखभन्दा बढी जनता राजधानीमा राष्ट्रिय पोशाकमा भेला भए । मध्यरातमा बेलायती झन्डा तल झारियो र रातो, पहेँलो र हरियो तीन रङ्ग र कालो रङ्गको पाँचकुने ताराको झन्डा विस्तारै फहरियो । रगतको रातोले स्वतन्त्र र गौरवको अभिव्यक्ति दिन्थ्यो भने पहेँलो रङ्ग त्यस देशको सुनको प्रचुरताको प्रतीक थियो र हरियो रङ्गले त्यहाँको कोका उत्पादनलाई तथा ठूलो कालो रङको पाँचकुने ताराले उपनिवेशवादको विरोधमा अफ्रिकी जनताको एकतालाई प्रतिनिधित्व गर्‍यो ।

समारोहमा ६५ देशका प्रतिनिधिहरू उपस्थित थिए । झन्डोत्तोलनपछि 'स्वतन्त्रता ! स्वतन्त्रता !' भन्ने राष्ट्रिय गीत बजाइयो । सारा जनताले एक आपसमा अँगालो हाली हर्षको आँसु झारे । एन्क्रुमाले बोले, "अन्तमा स्वतन्त्रताको सङ्घर्ष विजयमा टुङ्गियो । हामी अब स्वतन्त्र र स्वाधीन जनता भयौं । अब हामी उपनिवेश होइनौं । .... तर, अहिले हामीले कठिन काम सुरु गर्दै छौं । हामी तपाईंहरूको समर्थन चाहन्छौं ।"

'हामी सबै देशसँग मैत्रीपूर्ण र हार्दिक सम्बन्ध स्थापना गर्न इच्छुक छौं । संयुक्त राष्ट्र सङ्घमा हामीले पूर्ण भूमिका खेल्न सक्नेछौं र हामी त्यसका प्रतिनिधिहरूप्रति सम्मान प्रकट गर्दछौं ।'

यसरी अफ्रिका विश्व इतिहासको मोर्चामा अगाडि बढ्यो । एन्क्रुमा 'मुक्तिदाता' र 'उद्धारक' मानिए ।

एन्क्रुमा ५० वर्षका प्रौढ भए । जीवनको एउटा उद्देश्य पूरा भयो । सन् १९५७ को अन्ततिर उनले २७ वर्षकी एक इजिप्टेली युवती फातिया हेलेन रिजसँग विवाह गरे । यो विवाह राजनीतिक ढङ्गको थियो । इजिप्टका राष्ट्रपति नासिरले नवदम्पतिलाई बधाई स्वरूप केही उपहारहरू पठाए । विवाह समारोहमा एन्क्रुमाकी आमा र केही नातेदारहरूमात्रै थिए । विवाहको शैली ग्रीसेली चर्च र इजिप्टेली क्रिश्चियन शैलीको थियो ।

यस समारोहमा गिनीका राष्ट्रपति सेकु तुरे (Seku Toure) पनि उपस्थित थिए ।

**कता जाने ?**

सन् १९५७ को नोभेम्बर महिनामा जातीय, क्षेत्रीय र धार्मिक सङ्गठन र पार्टीका विपक्षीहरू मिलेर संयुक्त पार्टीका ४३ सक्रिय सदस्यलाई पक्राउ गरी सरकार फाल्न खोजेको आरोपमा मुद्दा चलाइयो । कोफी बुसिया विदेश भागेर गतिविधि चालू राख्यो ।

घाना स्वतन्त्र र स्वाधीन घोषणा भए पनि बेलायती राष्ट्रमण्डलको सदस्य थियो । बेलायती महारानी नै त्यसको सार्वभौमिकताको प्रतीक थिइन् । बेलायती महारानीले गभर्नर जनरललाई राज्य प्रमुखमा नियुक्त गरिन् । पूर्व गभर्नर आर्डेन क्लार्कको ठाउँ लिस्टोवेलको रजौटाले लिए । उनलाई नै घानाको प्रधानसेनापति बनाइयो र बेलायती जनरल एचटी आलेक्जेन्डरलाई सेना नायक बनाइयो । घानाको सरकारले बेलायती गद्दीको शपथ लिनुपर्थ्यो । ६०-७० को दशकमा साम्राज्यवादीहरूले निर्वाचित स्वाधीन सरकारहरूलाई अपदस्थ गर्न हरेक तीन महिनामा एउटा सैनिक विद्रोह गराउँदै गए । घानाले स्वतन्त्रता पायो । त्यहाँकै जनताको सरकार बन्यो । त्यहाँको अर्थतन्त्र विश्व पुँजीवादी बजारले गाँजेको थियो । सियोदेखि खानेकुरासमेत बेलायतबाट आउँथ्यो । त्यहाँको खेती जातीय मुखियाको सामन्तवाद र सामुदायिक खेती बन्दोबस्तमा थियो । वर्षको एउटै मात्र बाली लगाइन्थ्यो । कोकाको निर्यात नै देशको ७० प्रतिशत निर्यात थियो । हीरा, सुन, म्याङ्गानिज, बाक्साइट, काठ आदि खनिज र प्राकृतिक उत्पादन सिधै बेलायत जान्थ्यो । ससाना साहुमहाजन, कालिगड र हाते उद्योगपति मात्रै थिए । औद्योगिक कारखानाहरूको सुरुआत मात्रै भएको थियो । रक्सी भट्टी, साबुन कारखाना, चुरोट कारखाना, चिसो पेय पदार्थको कारखाना, केही लुगा सिउने कारखानाजस्ता स-साना कारखाना मात्रै थिए । नत्र खल्ती रुमालदेखि सलाई बट्टासमेत बेलायतबाट आउँथ्यो । आलु, काउली, गाजर, सखरखण्ड, दूध, नौनी आदि पनि त्यहींबाट आउँथ्यो ।

८० प्रतिशत जनता निरक्षर थिए । खेत र भूमि बाँझो थियो । सडक साँघुरा थिए । छोटो दूरीका ससाना रेलका बाटा मात्रै थिए । बन्द-व्यापार सबै विदेशीको हातमा थियो । सारमा अर्थतन्त्र सार्‍है पिछडिएको थियो । सहरहरू फोहोर र अव्यवस्थित थिए । उपनिवेशवादीहरू 'स्वाधीन र सार्वभौम घाना', 'गणतन्त्र घाना' को तमासा हेर्न चाहन्थे । पुराना सबै प्रशासन गभर्नरको निवासमा




सरे तथा सबै कागजपत्र बेलायत पठाइए । अलपत्र परेका, भाँचिएका मेचकुर्सी र लथालिङ्ग र नाम मात्रका कार्यालयहरू राज्यले पायो ।

त्यसबेला अफ्रिकी नेताहरूलाई पुँजीवाद र समाजवादबारे सैद्धान्तिक जानकारी थियो । उनीहरू समाजवाद मनपराउँथे तर त्यसलाई आ-आफ्नो देशमा ल्याउन आवश्यक परिस्थितिबारे जानकारी थिएन । बेलायतमा 'प्रजातान्त्रिक समाजवाद' जस्ता शब्दावली प्रचलित थियो । भर्खर स्वतन्त्र भएका देशहरूको कच्चा सामान उपनिवेशवादी देशहरूमा पठाइएन र तिनीहरूका तयारी सामान आफ्नो बजारमा प्रवेश दिइएन भने उपनिवेशवादीहरू बदला लिन वा नयाँ लडाइँकै निम्ति तयार हुन्छन् भन्ने थाहा थिएन । यसकारण, एन्क्रुमा र उनको दल आर्थिक विकासको कार्यक्रमबारे प्रस्ट थिएन । तिनीहरू शोषण रुचाउन्नथे र समाजवाद मनपराउँथे तर मन परेको वस्तु त्यसै आउँदैनथ्यो । उनी 'आर्थिक उदारवाद' र पश्चिमी युरोपको दोस्रो युद्धपछिको योजना 'मार्शल प्लान' बाट प्रभावित थिए । तर, पश्चिमी युरोप र अफ्रिकाको परिस्थिति फरक थियो ।

सन् १९६० फेब्रुअरी महिनामा संसद्बाट गणतन्त्रको प्रस्ताव अगाडि बढाइयो । त्यसको विरोधमा 'एन्क्रुमाले बेलायती महारानी ऐलिजाबेथ दोस्रोको विरोधमा 'विद्रोह' गरेको र 'निर्वाचित राजतन्त्र चलाएको' भन्दै बेलायती प्रतिक्रियावादी प्रचारमाध्यमहरू खनिए ।

१९, २३ र २७ अप्रिल १९६० मा घानाको पहिलो राष्ट्रपतिको निम्ति निर्वाचन घोषणा गरियो । एन्क्रुमाको विरोधमा संयुक्त दलको उम्मेदवार जेबी डनक्वाह थिए । एन्क्रुमाले ८९ प्रतिशत मत पाए भने प्रतिपक्षले ११ प्रतिशत मात्रै मत पाए । घानाको पहिलो राष्ट्रपति निर्वाचित हुँदा उनी ५१ वर्षका थिए ।

**गणतन्त्रको घोषणा**

१ जुलाई १९६० मा राष्ट्रपति एन्क्रुमाले स्वाधीन गणतन्त्रको घोषणा समारोह आयोजना गरे । त्यस समारोहमा पाँच सय विदेशी पाहुनाहरू र गिनी (Guinea) का राष्ट्रपति सेकु तुरे र विलियम डुबोइस पनि सहभागी थिए ।

साँझको समय थियो । एउटा ठूलो भाँडोमा राष्ट्रपति



एन्क्रुमाले आगो बालेर अन्धकार हटाई समारोहको उद्घाटन गरे । मुक्तिको प्रतीक आतसबाजी र भुइँचम्पा आकासमा पड्काइयो । गीतहरू गाइए, राष्ट्रपति एन्क्रुमाले विधिवत् शपथग्रहण गरे । नयाँ संविधानअनुसार उनी नै राज्यप्रमुख र मुख्य कार्यकारी भए । उनी नै घानाको सेनाको परमाधिपति भए । यसरी सारमा घानालाई एक प्रगतिशील समाजमा रूपान्तरण गरियो ।

**पहिलो प्रतिनिधिमण्डल मस्को**

अफ्रिकी नेताहरू समाजवादी व्यवस्थाले छिटो आर्थिक विकास हुन्छ भन्नेबारे जानकारी राख्थे । यसकारण, समाजवादी देशहरूसँग नव-स्वाधीन अफ्रिकी देशहरूको सम्बन्ध नजिकिँदै थियो । सोभियत सङ्घको सर्वोच्च सोभियत र सरकारको निमन्त्रणामा १० जुलाई १९६१ मा एन्क्रुमा र मन्त्रीहरूसहितको उनको प्रतिनिधिमण्डल मस्को पुग्यो । त्यस प्रतिनिधिमण्डलले रुसको पूर्वदेखि पश्चिमसम्मका विभिन्न जलविद्युत् योजना, कपास खेती र पशुपालन तथा मासु उत्पादनसम्बन्धी योजना आदि अवलोकन गर्‍यो ।

सोभियत सङ्घबाट फर्किसकेपछि एन्क्रुमाको दृष्टिकोणमा समाजवादप्रतिको विश्वास झन् बलियो भयो । उनले 'अफ्रिकी शैलीको समाजवाद' को वकालत गर्न थाले । अफ्रिकी संयुक्त सङ्घ, 'तेस्रो शक्ति' र तटस्थ राष्ट्रहरूको एकताप्रतिको उनको दृढताले परिपक्वता प्राप्त गर्दै लगेपछि उपनिवेशवादीहरू र स्थानीय प्रतिक्रियावादीहरू उनीमाथि झन्झन् आक्रामक हुँदै गए । त्यसबेला हिजोको रोडेशिया र आजको जिम्बाब्वेमा जातिवादी तानाशाही स्मिथको गोरो सरकारको विरोधमा त्यहाँका लडाकुहरूलाई सैनिक सहयोग गरेको हल्ला चलेको थियो ।

१९६४ जनवरी २ मा आफ्नो निवासबाट कारमा बस्न गइरहेका राष्ट्रपति एन्क्रुमालाई एक प्रहरीले ताकेर पाँच ओटा गोली प्रहार गर्‍यो । उनलाई गोली लागेन तर उनका एकजना अङ्गरक्षकको गोली लागेर मृत्यु भयो । साधारण जनता आआफ्नो काममा लाग्थे । राजनीतिक र सङ्गठनात्मक रूपले आवश्यक सचेतता जनतामा आइनसकेको हुँदा एन्क्रुमा सेना, प्रहरी र कर्मचारीको घेरामा परे । ती तीनओटै अङ्गमा औपनिवेशिक प्रभाव बाँकी थियो । समाजको माथिल्लो वर्ग स्वाधीनता, प्रगतिशीलता र 'समाजवाद' का विरोधी थियो । तिनीहरू एन्क्रुमाको विचारलाई जीवन र मरणको रूपमा लिँदै थिए ।

घानामा सं.रा. अमेरिकी केन्द्रीय गुप्तचर विभाग (CIA) सार्‍है सक्रिय थियो । अमेरिकी गुप्तचरहरू राजनीतिक, प्रशासनिक कर्मचारी र जीवनका हरेक क्षेत्रमा घुस्दै संवैधानिक सरकारलाई भाँड्ने, विश्वासघाती बन्न घुस दिने आदि काम तीव्रतापूर्वक गर्दै थिए ।

शोषकवर्ग सरकारलाई असफल पार्न सामानको मूल्य बढाउँदै थियो । राज्य र पार्टीको संयन्त्रमा बढ्दै गएको भ्रष्टाचारको विरोधमा औद्योगिक हडताल पनि हुन थाले । सेनाभित्र पनि गुप्तरूपले सरकारको विरोधमा राजनीतिक गतिविधि बढ्दै गयो । १९६५ को यस परिस्थितिलाई सम्हाल्न उनले आवश्यक ध्यान पुर्‍याउनै पाएनन् । अन्तर्राष्ट्रिय कर्तव्य पूरा गर्ने काम गर्दै गए । उनको भियतनाम र चीनको भ्रमण हुने भयो ।

अमेरिकामा त्यसबेला राष्ट्रपति लिन्डन जोनसन थिए र भियतनाममा बम वर्षा चर्काउँदै थियो । एन्क्रुमाले घानाको राष्ट्रपतिको रूपमा जोनसनलाई केही नभए पनि आफ्नो भ्रमणको बेला हनोइमा बम वर्षा नगर्न अनुरोध गरे । जोनसनले उनलाई एक व्यङ्ग्यात्मक उत्तर दिए – "आक्रमण बन्द भए हाम्रो सैनिक प्रतिरोध बन्द हुने हनोइलाई सुनाउनुहोला ।"

*– स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा*




अफगानिस्तानको जाबुल प्रान्तको काजपाज प्रान्तमा घर-घर गएर पाँच वर्षसम्मका केटाकेटीहरूलाई पोलियो खोप लगाइ दिँदै स्वास्थ्य स्वयम्सेवकहरू सेप्टेम्बर २२, २०२६ को दिन । पोलियो खोप नियमित नहुँदा भ्यागुते रोगको महामारी फैलिएपछि तालिवान सरकारले पोलियो थोपा खुवाउने अभियानलाई अनुमति दिएको हो ।

*तस्बिर : सानाउल्लाह सियाम/एएफपी*

# प्रजग कोरियाको आणविक कार्यक्रम रोक्न दक्षिण कोरियाको प्रस्ताव !

सियोल, ६ असोज (एएफपी) । दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले प्रजग कोरियाको आणविक कार्यक्रम तत्काल पूर्ण रूपमा अन्त्य गराउने प्रयासभन्दा हालको स्तरमा रोक्न र त्यसको बदलामा प्योङयाङमाथिका प्रतिबन्धमा राहत दिन अमेरिकालाई आग्रह गर्नुभएको छ ।

द न्युयोर्क टाइम्ससँगको अन्तर्वार्तामा उहाँले आणविक नि:शस्त्रीकरणलाई




अन्तिम लक्ष्य बनाए पनि त्यसलाई वार्ताको पूर्वसर्त बनाउँदा कुनै उपलब्धि हासिल गर्न नसकिने बताउनुभयो । राष्ट्रपति लीले सन् २०२५ जुनमा सत्ता सम्हालेपछि पूर्वसर्तबिना प्रजग कोरियासँग वार्ता गर्न प्रस्ताव गर्दै आउनुभएको भए पनि प्योङयाङले त्यसप्रति अहिलेसम्म औपचारिक प्रतिक्रिया दिएको छैन ।

प्रजग कोरियाले आफ्नो कानुनमै आफूलाई आणविक हतियारयुक्त राष्ट्रका रूपमा स्थापित गरेको छ । राष्ट्रपति लीले आणविक हतियारको नयाँ उत्पादन तथा आणविक सामग्रीको आपूर्ति रोक्दै हालको क्षमतालाई सीमित गर्नु महत्त्वपूर्ण उपलब्धि हुने बताउनुभयो ।

तर पश्चिमाहरूले यस्तो नीतिले उत्तर कोरियालाई आणविक हतियारयुक्त राष्ट्रका रूपमा स्वीकार गर्ने जोखिम रहेको र प्योङयाङले आफ्नो शस्त्रागार नत्यागी प्रतिबन्धमा राहत पाउन सक्ने बताएका छन् ।

# यमन सङ्कट चर्किँदा साउदीको साथमा बेलायत, हवाई इन्धन सहयोग गर्ने

लन्डन, ६ असोज (एपी) । यमनका हुथी विद्रोहीबाट साउदी अरबमाथि भइरहेको आक्रमणको सामना गर्न बेलायतले साउदीलाई सीमित सैन्य सहयोग उपलब्ध गराउने भएको छ । बेलायती प्रधानमन्त्री एन्डी बर्नहमले सोमबार संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन न्युयोर्कतर्फ जाने क्रममा विमानभित्र पत्रकारहरूसँग कुरा गर्दै बेलायती शाही वायुसेनाले साउदीका लडाकू विमानलाई हावामै इन्धन भर्ने (एयर-टु-एयर रिफ्युलिङ) सुविधा उपलब्ध गराउने सहमति भएको जानकारी दिनुभएको छ । बर्नहमका अनुसार यो सैन्य सहयोग केही साताका लागि मात्र हुने छ । यद्यपि, परिस्थितिको समीक्षा गर्दै सहयोगको अवधि आवश्यकताअनुसार पुनर्विचार गर्न सकिने उहाँले बताउनुभयो ।

**हुथी र साउदी समर्थित यमनी सरकारबिच द्वन्द्व पुन: चर्कियो**

यमनमा हुथी विद्रोही र साउदी अरबको समर्थन रहेको यमनी सरकारबिचको द्वन्द्व पुन: चर्किएको छ । पछिल्लो समय हुथीहरूले साउदी अरबमाथि क्षेप्यास्त्र तथा ड्रोन आक्रमण तीव्र बनाएका छन् । शनिबार हुथीहरूले साउदी राजधानी रियादलाई लक्षित गरेर क्षेप्यास्त्र प्रहार गरेका थिए । उक्त क्षेप्यास्त्रलाई बाटोमै रोकिएको जनाइएको छ ।

हुथीहरूले साउदी अरबमाथि आक्रमण मात्र नभई बाब अल-मन्देब जलडमरू र लाल सागर हुँदै हुने साउदी समुद्री ढुवानीमा नाकाबन्दी घोषणा गरेका छन् । त्यस क्रममा साउदीसँग सम्बन्धित पानीजहाज तथा देशभित्रका तेलसम्बन्धी पूर्वाधारलाई समेत लक्षित गरी आक्रमण गरिएको समाचारमा उल्लेख छ ।

**विश्वकै प्रमुख तेल निर्यातक साउदीमाथि दबाब**

साउदी अरब विश्वकै प्रमुख तेल निर्यातक मुलुकमध्ये एक हो । त्यसैले साउदीका तेल पूर्वाधार र समुद्री ढुवानीमा हुने आक्रमणले क्षेत्रीय सुरक्षाका साथै ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय व्यापारमा समेत असर पार्न सक्ने चिन्ता बढाएको छ ।

बेलायतले साउदीलाई उपलब्ध गराउने भनिएको सहयोग प्रत्यक्ष हवाई आक्रमणमा सहभागी हुनेभन्दा पनि साउदीका विमानलाई लामो समयसम्म हवाई कारबाही सञ्चालन गर्न आवश्यक पर्ने हवाई इन्धन भर्ने क्षमतामा केन्द्रित हुने देखिएको छ । बेलायती प्रधानमन्त्रीका अनुसार यो सहयोग तत्कालका लागि सीमित अवधिको हुनेछ र आगामी अवस्थालाई हेरेर यसको निरन्तरता वा परिवर्तनबारे निर्णय गरिनेछ ।

यमनमा लामो समयदेखि जारी द्वन्द्व पछिल्लो घटनाक्रमसँगै पुन: क्षेत्रीय तनावको प्रमुख विषय बनेको छ । हुथी आक्रमणका कारण साउदी अरबको सुरक्षा, लाल सागरको समुद्री मार्ग तथा मध्यपूर्वको क्षेत्रीय स्थायित्वबारे चिन्ता थपिएको छ ।

# यमनमा मानवीय सङ्कट गहिरिँदै १ लाख ३० हजार विस्थापित

जेनेभा, ६ असोज (सिन्ह्वा) । यमनमा पछिल्लो समय बढ्दै गएको असुरक्षाका कारण सातवटा गभर्नरेटबाट करिब १ लाख ३० हजार मानिस विस्थापित भएका छन् । अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आईओएम) का अनुसार विस्थापितमध्ये धेरै जना पटक-पटक आफ्नो घर छाड्न बाध्य भएका छन् ।

आईओएमका मध्यपूर्व तथा उत्तर अफ्रिका क्षेत्रीय निर्देशक ओथमान बेलबेसीले विस्थापितको सङ्ख्या तीव्र रूपमा बढिरहेको बताउनुभएको छ । उहाँका अनुसार सेप्टेम्बर १८ सम्म १ लाख १८ हजार ८६ जना विस्थापित रहेकोमा तीन दिनभित्रै थप ११ हजार ३५२ जना विस्थापित भएका छन् ।

आईओएमको पछिल्लो तथ्याङ्कअनुसार ताइज गभर्नरेटमा सबैभन्दा धेरै विस्थापित रहेका छन् । त्यहाँ मात्रै ७३ हजार ४९४ जना विस्थापित भएको जनाइएको छ ।

यमन सन् २०१४ देखि जारी द्वन्द्वका कारण गम्भीर मानवीय सङ्कटमा छ । सन् २०१४ मा हुथी समूहले राजधानी सानासहित देशका केही महत्त्वपूर्ण क्षेत्रमा नियन्त्रण कायम गरेपछि सन् २०१५ मा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारको समर्थनमा साउदी नेतृत्वको सैन्य गठबन्धनले यमनमा हस्तक्षेप गरेको थियो ।

वर्षौंदेखि जारी युद्ध, आर्थिक सङ्कट र पटक-पटक आउने प्राकृतिक विपत्तिका कारण यमनका लाखौँ मानिस मानवीय सहायता आवश्यक पर्ने अवस्थामा पुगेका छन् ।

यसैबिच, आईओएमका अनुसार आइतबार साँझसम्म यमनबाट लाल सागर पार गर्दै ३ हजार १०६ जना मानिस जिबुती पुगेका छन् ।

# जिन्नाको तस्बिरले बङ्गलादेशको इतिहास बहसमा

ढाका, ६ असोज (एएफपी) । पाकिस्तानका संस्थापक मोहम्मद अली जिन्नाको तस्बिर ढाका विश्वविद्यालयको नयाँ सङ्ग्रहालयमा राखिएपछि बङ्गलादेशमा इतिहासको व्याख्या, राष्ट्रियता, धर्म र भाषासँग जोडिएको विवाद चर्किएको छ । सङ्ग्रहालयमा राखिएको तस्बिर विद्यार्थीले हटाएर च्यातेपछि यस विषयमा नयाँ बहस सुरु भएको हो ।

विश्वविद्यालयका विद्यार्थी अबु तैयब हाबिलदारले जिन्ना पाकिस्तानका संस्थापक भए पनि बङ्गाली भाषा र अधिकारको विरोध गरेकाले बङ्गलादेशमा उहाँको भूमिकालाई फरक रूपमा हेरिनुपर्ने बताउनुभयो ।

सन् १९४७ मा भारत विभाजनपछि पाकिस्तानको पूर्वी र पश्चिमी भागका रूपमा रहेका बङ्गलादेश र पाकिस्तान सन् १९७१ को युद्धपछि अलग भएका थिए । उक्त युद्धमा पाकिस्तानी सेनाबाट व्यापक अत्याचार भएको आरोप लाग्दै आएको छ ।

जिन्नाको मुस्लिम राष्ट्र निर्माणसम्बन्धी अभियानका कारण उहाँको विरासत बङ्गलादेशमा विवादित रहँदै आएको छ । राजनीतिक विश्लेषक अल्ताफ परवेजले इस्लामवादी राजनीतिमा नयाँ प्रतीकको खोजीका कारण जिन्नाको चर्चा बढेको



बताउनुभयो ।

ढाका विश्वविद्यालय केन्द्रीय विद्यार्थी सङ्घ (डियुसिएसयु) ले भने जिन्नाको तस्बिर विश्वविद्यालयको इतिहासका विभिन्न घटनालाई समयअनुसार प्रस्तुत गरिएको प्रदर्शनीको हिस्सा भएको जनाएको छ । सङ्घका नेता एसएम फरहादले इतिहासका घटनालाई प्रदर्शन गर्नु गलत नभएको बताउँदै तस्बिर तोडफोडको आलोचना गर्नुभयो ।

सङ्ग्रहालयमा जिन्नाका तीन तस्बिर राखिएका थिए । तीमध्ये एउटा सन् १९४८ मा ढाकामा उर्दूलाई पाकिस्तानको एकमात्र राज्यभाषा बनाउने धारणा व्यक्त गर्नुभएको घटनासँग सम्बन्धित थियो । आलोचकहरूले जिन्नालाई प्रमुख स्थान दिँदा भाषा आन्दोलन र स्वतन्त्रता सङ्घर्षमा शेख मुजीबुर रहमानको भूमिकालाई ओझेलमा पारिएको आरोप लगाएका छन् ।

सन् २०२४ मा शेख मुजीबकी छोरी तथा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकार विद्यार्थी आन्दोलनपछि अपदस्थ भएपछि बङ्गलादेशमा राजनीतिक इतिहास र नेताहरूको विरासतबारे नयाँ बहस सुरु भएको छ । फरहादले सङ्ग्रहालयलाई नयाँ सन्दर्भअनुसार अद्यावधिक गरिएको बताउनुभयो । तर विद्यार्थी महाफुजुर रहमानले जिन्ना इतिहासको हिस्सा भएकाले उहाँको तस्बिर हटाउनु उचित नभएको बताउनुभयो ।

# जापानमा ‘ताइफुन दुजुआन’ को कहर ४६ हजारभन्दा बढी घरमा विद्युत् अवरुद्ध

टोकियो, ६ असोज (एएफपी) । जापानमा आएको शक्तिशाली ताइफुन दुजुआनका कारण कम्तीमा दुई जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । भारी वर्षा र पहिरोका कारण टोकियो आसपासका हजारौँ घरमा विद्युत् आपूर्ति अवरुद्ध भएको अधिकारीहरूले बताएका छन् ।

मङ्गलबार बिहानसम्म ताइफुन जापानको तटबाट टाढिँदै प्रशान्त महासागरतर्फ अघि बढिसकेको थियो । आँधी कमजोर भएसँगै अधिकारीहरूले भारी वर्षा र पहिरोको जोखिमसम्बन्धी अधिकांश चेतावनी हटाएका छन् ।

ताइफुनका कारण राजधानी टोकियोमा आयोजना भइरहेको विश्वकै ठूला भिडियो गेम व्यापार मेलामध्ये एक कार्यक्रमसमेत निर्धारित समयभन्दा अगावै बन्द गरिएको थियो ।

जापानमा गर्मीयामको अन्त्यदेखि शरद ऋतुको सुरुवातसम्म शक्तिशाली ताइफुन आउने गरेका छन् । यसअघि पनि यस मौसममा आएका अन्य आँधीका कारण जापानमा जारी एसियाली खेलकुदका केही कार्यक्रम प्रभावित भएका थिए ।

जापानको अग्नि तथा विपद् व्यवस्थापन निकायका अनुसार टोकियो नजिकैको कानागावा प्रिफेक्चरमा एक जनाको मृत्यु भएको छ । त्यस्तै, चिबा प्रिफेक्चरमा पनि एक जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

मुसलधारे वर्षापछि गएको पहिरोमा परी बेपत्ता भएका चार जनाको खोजी तथा उद्धार कार्य जारी रहेको जापानको सार्वजनिक प्रसारण संस्था एनएचकेले जनाएको छ । मङ्गलबार बिहानसम्म टोकियो नजिकैको चिबा क्षेत्रमा ४६ हजारभन्दा बढी घरमा विद्युत् आपूर्ति अवरुद्ध थियो ।

ताइफुन कमजोर हुँदै उत्तरपूर्वतर्फ अघि बढे पनि टोकियो क्षेत्रका केही स्थानमा अत्यधिक वर्षा भएको छ । टोकियोबाट करिब १२० किलोमिटर दक्षिणमा रहेको ओशिमा द्वीपमा ४८ घण्टामा ८३२ मिलिमिटर वर्षा मापन गरिएको छ । यो सेप्टेम्बर महिनाको औसत वर्षाभन्दा दोब्बरभन्दा बढी हो ।

वैज्ञानिकहरूका अनुसार मानव गतिविधिका कारण भइरहेको जलवायु परिवर्तनले अत्यधिक वर्षाको जोखिम बढाइरहेको छ । तापक्रम बढ्दै जाँदा वायुमण्डलले बढी जलवाष्प धारण गर्ने भएकाले भारी वर्षा हुने सम्भावना पनि बढ्ने वैज्ञानिकहरूको भनाइ छ ।

# कृषि उत्पादन र बजारीकरणमा जोड दिँदै काभ्रे

✍ सनम सुवाल

काभ्रेपलाञ्चोकमा कृषि उत्पादन वृद्धि, आधुनिक प्रविधिको प्रयोग, सिँचाइ विस्तार, व्यावसायिक खेती तथा उत्पादित कृषि उपजको बजारीकरणमा जोड दिइएको छ। कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा चालु आव २०८३/८४ को कार्यक्रम सार्वजनिक गर्दै उत्पादनसँगै प्रविधि, बजार, पूर्वाधार र कृषकको आम्दानी वृद्धिलाई प्राथमिकतामा राखिएको जनाएको हो।

कार्यालयका अनुसार आव २०८२/८३ मा जिल्लामा वर्षे धान १० हजार २१० हेक्टरमा खेती भई ३९ हजार ५१३ मेट्रिक टन उत्पादन भएको छ। त्यस्तै चैते धान ८५५ हेक्टरमा तीन हजार ८५० मेट्रिक टन, मकै २६ हजार १२० हेक्टरमा ९४ हजार १२० मेट्रिक टन र गहुँ आठ हजार २५० हेक्टरमा २३ हजार ९२५ मेट्रिक टन उत्पादन भएको छ। त्यसैगरी, कोदो तीन हजार २५० हेक्टरमा चार हजार २२५ मेट्रिक टन, फापर ५९० हेक्टरमा ६०२ मेट्रिक टन, जौ ३४७ हेक्टरमा ३४१ मेट्रिक टन, आलु १० हजार १०० हेक्टरमा दुई लाख नौ हजार ७० मेट्रिक टन तथा तरकारी ११ हजार ३२५ हेक्टरमा एक लाख ९३ हजार ६५८ मेट्रिक टन उत्पादन भएको कार्यालयको तथ्याङ्क छ।

फलफूलतर्फ कागती ६२२ हेक्टरमा चार हजार ९१४ मेट्रिक टन, सुन्तला एक हजार २६४ हेक्टरमा सात हजार ६८० मेट्रिक टन र किवी ८५ हेक्टरमा ५२७ मेट्रिक टन उत्पादन भएको छ। कफी २८५ हेक्टरमा ६२ मेट्रिक टन उत्पादन भएको कृषि विकास कार्यालयको वार्षिक समिक्षाले देखाएको छ। कार्यालयको खाद्यान्न वासलात अनुसार जिल्लामा विभिन्न खाद्यान्न बालीको कुल उत्पादन एक लाख ५८ हजार ५९१ मेट्रिक टन रहेको छ। प्रशोधन तथा अन्य प्रयोजनपछि खुद उपभोग्य खाद्यान्न ६२ हजार ३२० मेट्रिक टन रहेकोमा जिल्लाको वार्षिक आवश्यकता ७२ हजार ५९१ मेट्रिक टन रहेको छ। यस आधारमा जिल्लामा प्रशोधित खाद्यान्नतर्फ १० हजार २७० दशमलव २७ मेट्रिक टन अपुग देखिएको छ।

बीउतर्फ पनि जिल्लामा केही प्रमुख बालीमा आवश्यकता र उत्पादनबिच अन्तर देखिएको छ। कार्यालयका अनुसार धानको आवश्यक बीउ ४७४ दशमलव ६ मेट्रिक टन रहेकामा उत्पादन ६६ मेट्रिक टन, गहुँको आवश्यकता ८२२ दशमलव ८ मेट्रिक टन रहेकामा उत्पादन चार मेट्रिक टन र मकैको आवश्यकता ५०६ दशमलव ७६ मेट्रिक टन रहेकामा उत्पादन १७ मेट्रिक टन छ। कोदो, फापर र जौको बीउ उत्पादन शून्य रहेको छ। आलुतर्फ भने एक हजार मेट्रिक टन बीउ उत्पादन भएकोमा आवश्यकता एक हजार १२ मेट्रिक टन रहेको छ। रासायनिक मलको माग तथा आपूर्तितर्फ युरिया सात हजार २७६ दशमलव ५५ मेट्रिक टन, डिएपी चार हजार ४४७ दशमलव ८५ मेट्रिक टन र पोटास ४५० दशमलव ७५ मेट्रिक टनको आपूर्ति भएको तथ्याङ्कले देखाएको छ।

स्थानीय उत्पादनको बजारीकरणका लागि बनेपा र धुलिखेलमा साप्ताहिक हाटबजार सञ्चालन, महाभारत, खानीखोला र भुम्लुमा कफीका नर्सरी तथा नमुना बगैँचा स्थापना तथा पाँचखाल, बनेपा, पनौती र बेथानचोकमा संरक्षित संरचनामा तरकारी खेती विस्तार गरिएको छ। चालु आव २०८३/८४ का लागि कृषि विकास कार्यालयले रु. पाँच करोड ५५ लाख ८६ हजारको कुल बजेटमध्ये कार्यक्रमतर्फ रु. तीन करोड ७५ लाख ६९ हजार विनियोजन गरिएको छ। चालु आवमा कृषि प्राविधिकका लागि जलवायु उत्थानशील तथा नवीनतम प्रविधिसम्बन्धी तालिम, विभिन्न बालीमा नवीनतम प्रविधि प्रदर्शन, आकस्मिक बाली संरक्षण सेवा, मेला, महोत्सव तथा दिवस सञ्चालन, स्मार्ट कृषि प्रविधि अवलम्बनमा सहयोग र कृषि यन्त्र तथा औजार मर्मतसम्बन्धी कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

प्रवर्द्धन तथा विकासतर्फ साना सिँचाइका २२ आयोजना सञ्चालनका लागि रु. ५६ लाख विनियोजन गरिएको छ। त्यस्तै, १० हेक्टरमा कफी प्रवर्द्धन तथा क्षेत्र विस्तारका लागि रु. २० लाख, २० हेक्टरमा व्यावसायिक तरकारी खेती प्रवर्द्धनका लागि रु. ४० लाख, ३५ वटा मागमा आधारित जीविकोपार्जन कार्यक्रमका लागि रु. ३५ लाख र पाँच वटा समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन' कार्यक्रमका लागि रु. एक करोड विनियोजन गरिएको छ।

कार्यक्रमअन्तर्गत उन्नत बीउ तथा बिरुवा, सुरक्षित विषादी, कृषि चुन, नर्सरी तथा स्रोत केन्द्र स्थापना, प्लास्टिक घर, ग्रीन हाउस तथा सेमी हाइटेक संरचना निर्माण, बगैँचा व्यवस्थापन, साना तथा थोपा सिँचाइ, कृषि यान्त्रिकीकरण, सङ्कलन केन्द्र, भण्डारण तथा प्रशोधन, उत्पादनपछिको प्रविधि, बजारीकरण, माटो परीक्षण, कृषक तालिम तथा प्रदर्शन र बाली बीमालगायतका गतिविधिमा सहयोग गर्ने योजना रहेको छ। कार्यालयले कृषि उत्पादनमा देखिएका विभिन्न समस्याको पहिचान तथा व्यवस्थापनमा काम गरिरहेको जनाएको छ। धानमा 'ड्राइ प्यानिकल' समस्या, सुन्तला जात फलफूलमा फल झर्ने समस्या तथा मकैमा दाना नलाग्ने समस्या देखिएको कार्यालयको प्रगतिमा उल्लेख छ।

गोलभैँडामा फ्युजारियम विल्ट, पिथ नेक्रोसिस तथा टोमेटो ब्राउन रुगोज फ्रुट भाइरस पहिचान गरी व्यवस्थापनका लागि समन्वय गरिएको छ। त्यस्तै केरामा ओइलाउने तथा मर्ने समस्या देखिएपछि नमुना परीक्षणबाट टिआर-१ भाइरस पहिचान गरिएको र व्यवस्थापनका लागि समन्वय गरिएको कार्यालयले जनाएको छ। कफीमा हाँगा सुक्ने, भाँचिने तथा बोट मर्ने समस्या देखिएपछि ह्वाइट बोरर तथा कफी रस्ट पहिचान गरी व्यवस्थापनका लागि समन्वय गरिएको छ। 'एक वडा एक कृषि उत्पादन' कार्यक्रम कार्यान्वयनमा भने लागत साझेदारीको रकम जम्मा गर्नुपर्ने व्यवस्था, स्थानीय तहको भूमिका तथा छनोट भएका कार्यक्रमको प्राविधिक उपयुक्तताबारे स्पष्टता आवश्यक रहेको कार्यालयले जनाएको छ।

त्यस्तै स्वीकृत वार्षिक बजेटमा समस्या, कार्यक्रम तथा अख्तियारी ढिलो प्राप्त हुनु र बजेट रोक्का तथा कटौतीजस्ता कारणले कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुने गरेको कार्यालयले जनाएको छ। कार्यालयले सम्बन्धित मन्त्रालय तथा निर्देशनालयमा पत्राचार गर्ने र प्राप्त बजेटअनुसार कार्यक्रम कार्यान्वयन गर्ने प्रयास गर्दै आएको जनाएको छ। जिल्ला समन्वय समिति काभ्रेका प्रमुख दीपककुमार गौतमले कृषि क्षेत्रका कार्यक्रम उत्पादन बढाउने मात्र नभई नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन्।

कृषि विकास कार्यालयका प्रमुख कुलप्रसाद दवाडीले कृषि उत्पादनलाई आधुनिक प्रविधि, बजार र कृषकको आम्दानीसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो। उत्पादन बढे पनि उचित बजार, भण्डारण, प्रशोधन तथा मूल्य प्राप्ति सुनिश्चित नभए कृषकले अपेक्षित लाभ लिन नसक्ने भएकाले उत्पादनदेखि बजारीकरणसम्मको मूल्य शृङ्खलामा ध्यान दिनुपर्ने उहाँको भनाइ छ। कृषि उत्पादन वृद्धि, सिँचाइ, बीउ, प्रविधि, भण्डारण, प्रशोधन र बजारीकरणलाई एकीकृत रूपमा अघि बढाउनसके जिल्लाको कृषि क्षेत्रलाई थप व्यावसायिक बनाउन सकिने कार्यालयको निष्कर्ष छ। ***रासस***


## हार्दिक समवेदना



जन्म
२००७/१०/०१

स्वर्गारोहण
२०८३/०५/३०

स्व. तुल्सीकेशरी नाखन्द

हाम्रा मिलनसार मित्र सुरेन्द्र नाखन्दकी ममतामयी माता **तुल्सीकेशरी नाखन्द**को दुःखद निधन भएको आज नवौं दिनको पुण्यतिथिमा मृत आत्माको चिरशान्तिको कामनाका साथै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा धैर्यधारण गर्न सकून् भनी परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**साथीहरू**

विक्रम ढुकुछु — पुण्यराम ग्वाछा
चन्द्रकृष्ण ग्वाछा — कृष्णसुन्दर खायमली
लक्ष्मीप्रसाद खाईजु — राजेन्द्र लागे
लक्ष्मीसुन्दर दुमरु — पुण्यराम न्हुछें
रत्नप्रसाद कवां — रामकेशरी माक

## हार्दिक समवेदना



जन्म
१९९२/१२/१०

स्वर्गारोहण
२०८३/०६/०४

स्व. कृष्णबहादुर श्रेष्ठ

मेरा पूजनीय गुरू **कृष्णबहादुर श्रेष्ठ**को दुःखद निधन भएको खबरले म मर्माहत भएको छु। साथै आज चौथो दिन (लक्च) को पुण्यतिथिमा स्वर्गीय गुरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल सकल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु।

**शमशेर सिन्ताकल**
लालाछें-६, भक्तपुर

**संरा....**

विकास, विज्ञान र प्रविधिमा लम्किरहेको देश चीनको प्रगतिमा बाधा हाल्ने, चीनलाई घेरामा हाल्ने र चीनलाई पनि कहीँ न कहीँ युद्धमा फसाउने षड्यन्त्र अमेरिकाले गरिरहेको छ । कहिले तिब्बतको प्रसङ्ग उठाएर त कहिले हङकङको प्रसङ्ग उठाएर आन्तरिक कलह बढाउने र आपसी द्वन्द्व चर्काउने र चीनलाई कमजोर बनाउने प्रयास अमेरिकाले गरिरहेको छ । यसको निम्ति अमेरिकाले नेपाललाई पनि प्रयोग गरिरहेको छ । अमेरिकाले कहिले प्यालेस्टिन र प्यालेस्टिनी जनताको विरोधमा युक्रेनलाई उठाउने काम त कहिले इरानको विरोधमा इजरायललाई उठाउने काम गरेकै हो ।

राजनीतिक विश्लेषकहरूले विश्व शान्ति दिवसमा खोइ त शान्ति भनी प्रश्न गर्न थालेका छन् । शान्ति स्थापनाको निम्ति दोस्रो विश्व युद्धपछि स्थापना भएको संयुक्त राष्ट्र सङ्घ पनि विश्वमा शान्ति स्थापनामा लागेको देखिँदैन । संयुक्त राष्ट्र सङ्घ संयुक्त राज्य अमेरिकाको कठपुतली बनेको छ । अमेरिकाले गरेको आक्रमण र नाकाबन्दीबारे संयुक्त राष्ट्र सङ्घ मूकदर्शक बनेको छ । अमेरिकाको अगाडि बोल्न नसक्ने, खबरदारी नगर्ने संयुक्त राष्ट्र सङ्घ आफै थला परेको छ । यस्ता हरेक दिवसहरू अनौपचारिकतामा सीमित देखिन्छ । नेपाललाई आर्थिक सहयोग र विकास बाँडेर आफ्नो जालमा फसाउने काममा हिजो भारत सक्रिय थियो भने अहिले अमेरिका क्रियाशील छ । एमसीसी सम्झौता नेपालमा परेड खेल्ने एक बाटो बनेको छ । यो सम्झौताबाट पनि देशमा अमेरिकी गतिविधि बढेको देखिन्छ । नेपालको सेना दिवसमा अमेरिकी सेनाले परेड खेल्नु, विद्यालयमा अमेरिकी सेनाले कवाज खेल्नु यसको दृष्टान्त हो । यसरी नै बिचबिचमा अमेरिकी सेना र गुप्तचरहरू कहिले तालिमको नाउँमा त कहिले एमसीसी सम्झौता कार्यान्वयन र अनुगमनको नाउँमा नेपाल छिरिरहेका छन् । यस्ता र यस्तै खालका अन्य गोप्य र खुला अमेरिकी सेनाको गतिविधिले शान्तिपूर्ण देशलाई पनि युद्धको मैदान बनाइरहेको तर्फ सरकार, राजनीतिक दल र नागरिक समाजको ध्यान जानुपर्छ । नेपाललाई कसैले पनि अशान्तिको बीउ छर्ने माध्यम नबनाओस् । नेपाल विदेशी सेनाले परेड खेल्ने भूमि नबनोस् । कुनै अरु छिमेकी देशलाई घेरा हाल्ने आधार नबनाइयोस् ।

**ल्याटिन...**

विदेश मामिलामन्त्री पेरिल्लाले क्युवाविरुद्ध संरा अमेरिकाको आर्थिक, व्यावसायिक र वित्तीय नाकाबन्दीको अभूतपूर्व सुदृढीकरणको निन्दा गर्दै भन्नुभयो, ऊर्जा नाकाबन्दीलगायत यसको प्रभावमा जलसैनिक नाकाबन्दी अन्तर्राष्ट्रिय कानुनअन्तर्गत युद्धको कार्य हो । यो तथाकथित माध्यमिक प्रतिबन्धहरू, एक हिंसात्मक मिडिया आक्रमण र सैन्य आक्रमणको व्यवस्थित धम्कीले बढेको छ ।"

उहाँले सेलाकलाई सामूहिक रूपमा निर्मित सम्पदाको रक्षा गर्न र हाम्रा संस्थापक पिताहरूको स्वतन्त्रताको सपनालाई वास्तविकता बनाउन काम गर्न आह्वान गर्नुभयो ।

आफ्नो भाषणमा विदेश मामिलामन्त्री ब्रुनो रोड्रिगेज पेरिल्लाले धन्यवाद दिँदै भन्नुभयो, "सबैमा हार्दिक धन्यवाद क्युवाली जनता, सरकार र जनताको तर्फबाट जसले हामीलाई यो कठिन समयमा सहयोगी हात बढाएका छन् ।"

उहाँले साझा समुदायका सिद्धान्तहरूप्रति क्युवाको प्रतिबद्धतालाई जोड दिनुभयो । उहाँले संयुक्त राष्ट्र सङ्घीय महासचिव ल्याटिन अमेरिकी वा क्यारेबियाली व्यक्ति हुनुपर्ने क्षेत्रीय स्थितिको लागि आफ्नो देशको समर्थन पनि व्यक्त गर्नुभयो ।

**कार्की...**

अनुसन्धानका लागि सरकारी कार्यालयहरूका सीसीटीभी फुटेज निकै उपयोगी हुन सक्ने तर प्राय:जसो आक्रमण गरिएका सरकारी कार्यालयहरूका अभिलेख गर्ने सामाग्रीहरू फोडिएको तथा आगजनी गरी नष्ट गरिएको छ । भदौ २४ गतेको सम्पूर्ण घटनालाई एक एक गरी बृहत् रूपमा अनुसन्धान गरिनु पर्दछ ।

भदौ २४ गते घटनामा संलग्न भएका व्यक्तिहरूको सम्बन्धमा निर्क्यौल गर्न आयोगलाई अहिलेसम्मको छानबिनबाट अभियोजनको लागि सिफारिस गर्न मिल्ने गरी ठोस सबुद प्रमाण सङ्कलन गर्न सकिएको छैन । आयोगलाई सहयोग पुग्ने गरी कुनै इन्टेलिजेन्स रिपोर्ट सरकारी वा गैरसरकारी निकायबाट हालसम्म प्राप्त हुन सकेको छैन । आयोगलाई प्राप्त कार्यदिशा निश्चित तर छोटो अवधिको लागि रहेकोले देशभरिका घटनाहरू विस्तृतरूपमा छानबिन गर्ने तत्काल कोही कसैलाई दोषी प्रमाणित गर्न समय र जनशक्ति अभावका कारणले आयोगले सकेन । तथापि आयोगले भदौ २४ गतेको सङ्घीय संसद् भवन, सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालत, निजी व्यापारिक प्रतिष्ठानहरू, सरकारी तथा निजी भवन तथा विभिन्न पार्टी कार्यालयलगायतका स्थानहरू उक्त दिन घटना हुँदाको समयमा सोही स्थानहरूका टेलिफोन टावरहरूमा उपलब्ध BTS DATAका आधारमा भौतिकरूपमा उपस्थित भएका व्यक्तिहरूको टेलिफोन नम्बरहरू नेपाल दूरसञ्चार र एनसेलबाट माग गरी त्यस Raw data लाई अध्ययन गरी स्थानगत टेलिफोन नम्बरहरू प्रतिवेदनमा उल्लेख गरेका छौँ । अब सरकारले विज्ञसहितको अनुसन्धान टोली गठन गरी उपलब्ध अन्य प्रमाणहरू (सीसीटीभी फुटेज, सामाजिक सञ्जाल, पीडित र अन्य स्रोतहरूबाट प्राप्त भिडियो क्लिप्सजस्ता प्रमाणहरू) सँग भिडाई तत्कालै अभियुक्तसम्म पुग्न विस्तृत अनुसन्धान गर्न आवश्यक रहेको देखिन्छ ।

भदौ २४ गते घटेका घटनामा देशभरका विभिन्न प्रहरी कार्यालयहरूबाट आफ्नो ज्यानभन्दा पनि प्यारो गरी हतियार गोलीगट्ठा सुरक्षित राख्नुपर्छ भनी नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका विभिन्न कार्यालयहरूबाट बारम्बार प्रशिक्षण पाइरहेको विषय अपराधीहरूले लुटिलगेको सम्बन्धमा प्रहरी ऐन २०१२, सशस्त्र प्रहरी ऐन, २०५८ र प्रहरी नियमावली, २०७१, सशस्त्र प्रहरी नियमावली, २०७२ नियम बमोजिम आवश्यक छानबिन गरिएको रिपोर्ट आगजनीलगायत विभिन्न कारण देखाई उपलब्ध नगराएको हुँदा निजहरूलाई सचेत गर्दै हतियार गोलीगठ्ठा जस्तो राज्यको एकाधिकार विषय हल्का विषय नठानी राज्यले तत्कालै गृह मन्त्रालयको नेतृत्वमा विज्ञहरूसहितको सशक्त अनुसन्धान टोली बनाई भदौ २३ गतेको दुवै प्रहरी सङ्गठनहरूका के कुन नाम, दर्जाका अधिकृत/जवानबाट के कति कारणले कुन अवस्थामा के-कति गोलीगट्ठा प्रयोग गरी खर्च गरेको हो भन्ने विषय यकिन गरी गलत र गैरजिम्मेवार भई खर्च गरेको हो भन्ने स-प्रमाण पुष्टी भई ठहर भएमा कानुनबमोजिम कारबाहीलाई सिफारिस गरिनुपर्छ ।

साथै के-कुन परिस्थितिमा हातहतियार, गोलीगट्ठाहरू लुटिएका हुन् ? यसमा कुन प्रहरी अधिकृत जवानले समयमा नै सुरक्षित स्थानमा स्थानान्तरण गरी हतियार बचाउन पहल गरेको वा हेलचक्रयाइँ गरेको हो सो सम्बन्धमा अनुसन्धान गरी दोषी देखिए कारबाहीको लागि सिफारिस गर्ने ।

प्रहरी आफू कार्यालयबाट रणनीतिक रूपमा पछि हटेको हुँदा के-कति कारणले आफ्नो साथमा हतियार लिएर जान सके सकेनन् ? हतियार गोलीगठ्ठा आफू साथमा लिएर जाने अवस्था नरहँदा गैरराज्य पक्ष अपराधीको कब्जामा हतियार नपार्न हतियार नष्ट वा हतियार निष्प्रभावी गर्ने काम भयो/भएन ? हतियार गोलीगट्ठा लुटी लगेकोमा प्रहरीको हेलचक्र्याइँ र लापरबाही देखियो भने संलग्न तल्लो तहदेखि माथिल्लो तहसम्मका जिम्मेवार प्रहरी अधिकृत तथा जवानहरूलाई सम्बन्धित ऐन नियमबमोजिम कारबाहीको लागि नेपाल सरकारसमक्ष सिफारिस गरिनुपर्छ ।

## हार्दिक समवेदना



जन्म : २००५/०५/१७
निधन: २०८३/०५/१०

भक्तपुर जिल्ला हाल सू.न.पा. वडा नं. ८ आदर्श टोल बस्ने यस संस्थाका सदस्यता नं. १७८७ का सदस्य **बद्रीनारायण मानन्धर**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हार्दिक समवेदना

जन्म
१९९२/१२/१०



स्वर्गारोहण
२०८३/०६/०४

**स्व. कृष्णबहादुर श्रेष्ठ**

यस संस्थाका सचिव दीपक श्रेष्ठका पूजनीय पिता **कृष्णबहादुर श्रेष्ठ**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै दु:खको यस घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**त्रिपुरादेवी बचत तथा ऋण सहकारी संस्था लि.**
सुकुलढोका-५, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा